पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ अङ्क : २२ २०७० पुस १२ गते शुक्रबार (Dec. 27, 2013) मूल्य रू. १०/-

## राप्रपाभित्र कुस्ताकुस्ती



काठमाडौं । राप्रपाले प्रत्यक्षतर्फ ३ सिट जितेपछि फुलेको नाक भाँचिएको छ । राप्रपाले समानुपातिकतर्फ ३ सय ३५ नाम बुझाएको थियो, पाएको छ- १० सभासद् । १० सभासद्मा सूर्यबहादुर थापालाई एक, सहअध्यक्ष डा. लोहनीका उम्मेद्वार नुवाकोटकी राज्यलक्ष्मी श्रेष्ठ एक, नेता लोकेन्द्र बहादुर चन्दका छोरा जयन्त चन्द एक, परशुराम खापुङ एक भागवण्डा भएको छ भने नेता पशुपति शमशेर जबराले बाँकी सिटहरूमा स्व.रवीन्द्रनाथ शर्माकी श्रीमती सरोजा आचार्य, इस्तियाक खानसहितको नाम अगाडि (**बाँकी अन्तिम पेजमा**)

# सरकार र संविधानसभा अलपत्र

काठमाडौं । आफ्नो पार्टीले चुनाव हारे पनि आफूले चुनाव जितेका एमाओवादी पार्टीका अध्यक्ष प्रचण्डले संविधानसभाको वैठक, सरकार निर्माण र शान्ति र संविधान लेख्ने दायित्वलाई समेत बन्धक बनाइदिए । जनादेशको बलमा संविधानसभा वैठक बोलाउने, सरकार निर्माण गर्ने र संविधान लेख्ने प्रक्रिया सुरू गर्न ठूला पार्टी बनेका कांग्रेस र एमाले सक्षम देखिएनन् । यही कारण चुनाव सम्पन्न भएको डेढ



महिनासम्म पनि सरकार र संविधानसभामा अलपत्र अवस्थामा छन् । कसरी भन्ने कांग्रेस र एमालेको पक्षमा जनमत प्रकट भयो ? जनमत, जनादेश तिनले पाएका छन् भने संविधानसभा डाक्न किन सकिरहेका छैनन् ? आज पनि उनीहरू संविधानसभामा छिनोफानो गर्नुपर्ने विषयहरू अँध्यारो कोठामा किन छलफल गरिरहेका छन् ? कांग्रेस र एमाले मिलेपछि बहुमत हुन्छ भने तिनले त्यो बहुमतीय सरकार बनाएर अगाडि बढ्न नसक्नुको कारण के हो ? जनताले एमाओवादीलाई तेस्रो ठूलो दल बनाइदिएका छन् । त्यो भनेको प्रमुख प्रतिपक्षी नै हो । जब कांग्रेस-एमालेले (**बाँकी अन्तिम पेजमा**)

## प्रचण्डले किन डाके इमरजेन्सी बैठक

काठमाडौं । गत सोमबार बसेको ठूला तीन दलको वैठकमा उपस्थित भएका एमाओवादी अध्यक्षले उच्चस्तरीय संयन्त्र बनाउने प्रस्ताव राख्नेवित्तिकै एमालेका नेता केपी ओली चर्किए- निर्वाचन भइसकेपछि किन चाहियो संयन्त्र ? सबै काम संविधानसभाले गर्छ, सबै विवाद संविधानसभाले सल्टाउनुपर्छ । किन मान्ने माओवादीले राखेको भूमिगत गिरोह बनाउने प्रस्ताव ? यो अर्को षड्यन्त्र हो ?

त्यसपछि प्रचण्ड वैठकबाट जुरूक्क उठरे, तपाईंहरू जे गर्नुहुन्छ, गर्नोस् भनेर हिंडे । प्रचण्डलाई मनाउन बसेको वैठक छलफल नै नगरी असरल्ल भयो, टुङ्गियो । कांग्रेस-एमाले घरघरतिर लागे । तै पनि नेताहरू भन्छन्- वैठक सकारात्मक तरिकाले अघि बढेको छ । सोमबार नै प्रचण्डले एमाओवादीको इमेरजेन्सी वैठक बोलाएर आगामी रणनीतिका बारेमा छलफल सुरू गरेका (**बाँकी अन्तिम पेजमा**)

# मोर्चालाई संविधानसभा अमान्य

**अभियान संवाददाता**

काठमाडौं । मंसिर ४ सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनलाई सक्रिय रूपमा बहिष्कार गरेको नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चामध्येको नेकपा-माओवादीलाई संविधानसभामा लैजाने उद्घोष गरेका दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र एमाओवादीलगायतका अन्य दलहरूको प्रयास असफल सावित हुने भएको छ । नेकपा-माओवादी सहितको ३३ दलीय मोर्चाले संविधानसभाको कुनै पनि प्रक्रियामा सहभागिता नजनाउने निर्णय गरेपछि ३३ दलीय मोर्चा संविधानसभा बाहिर बस्ने भएको हो । उसले संविधानसभालाई पूर्ण अस्वीकार गर्दै सर्वपक्षीय राजनीतिक गोलमेचमार्फत् संविधानसभाका अन्तरवस्तुमा सहमति कायम गर्नु पर्ने प्रस्ताव अघि सारेको छ ।

नेकपा-माओवादीसहितको ३३ दलीय



मोर्चाको हालै बसेको बैठकले त्यस्तो निर्णय गरेको हो । मोर्चाको निर्णयमा भनिएको छ- संविधानसभाको कथित दोस्रो निर्वाचनबाट जनताको संघीय गणतन्त्रात्मक संविधान बन्न नसक्ने मात्र होइन राष्ट्रियता र लोकतान्त्रिक दृष्टिकोणले पनि मुलुक झनै राष्ट्रघाती र प्रतिगामी दिशामा गएको प्रमाणित भएको छ । अतः दोस्रो संविधानसभालाई पूर्णतः अस्वीकार गर्दै संविधान निर्माणको कुनै पनि प्रक्रियामा सहभागी नहुने ठहर गरेको मोर्चाको तर्फबाट माओवादी सचिव देव गुरूङले जारी गरेको विज्ञप्तीमा जनाइएको छ । जनताको नयाँ संविधान निर्माणका लागि गोलमेच सम्मेलन गरेर सरोकार पक्षहरूबीच संविधानका अन्तरवस्तुमा सहमति गरिनु आवश्यक छ, विज्ञप्तीमा उल्लेख गरिएको छ । मोर्चाको (**बाँकी अन्तिम पेजमा**)

## धाँधलीको बहानामा दाहाललाई स्थायी अध्यक्ष ?

**अभियान संवाददाता**

काठमाडौं । एनेकपा माओवादीले संविधानसभाको दोस्रो निर्वाचनमा नराम्रो पराजय भोगेपछि कहिले धाँधली भएको भन्दै उच्चस्तरीय स्वतन्त्र छानविन आयोग गठन हुनुपर्ने माग अगाडि तेर्साएको छ भने कहिले उच्चस्तरीय राजनीतिक संयन्त्र बनाएर त्यसको अध्यक्ष आफ्नो पार्टीका अध्यक्ष पुष्पकमल दाहाललाई स्थायी रूपमै राख्नुपर्ने माग तेर्साएको हुनाले कांग्रेस, एमाले एमाओवादीसँग झस्कन थालेका छन् ।

पछिल्लो समयमा एमाओवादीले एक वर्षभित्रमा सहमतिका आधारमा संविधान निर्माण गर्न उच्चस्तरीय राजनीतिक संयन्त्रको स्थायी अध्यक्ष पुष्पकमल दाहाललाई बनाउनु पर्ने प्रस्ताव अघि सारेको छ । यदि कांग्रेस, एमालेले आफ्नो



माग स्वीकार गर्न तयार भएको खण्डमा मात्र आफ्नो पार्टी संविधानसभामा जान (**बाँकी अन्तिम पेजमा**)

## गलत गर्नेलाई पुरस्कृत गर्ने प्रयासमा दलहरू

काठमाडौं । नेपाली कांग्रेस, नेकपा एमाले र एमाओवादीको अहिले एउटा साझा विचार जनतासामु आएको छ, त्यो हो जसरी भए पनि नेकपा-माओवादीलाई संविधानसभामा लैजानु पर्ने । नेपाली जनताले दलहरूलाई आरोप लगाउँदै आएका छन्, उनीहरू हतारमा निर्णय गर्दछन् अनि फुर्सदमा पछुताउँछन् । अहिले त्यस्तै त्यस्तै भएको छ । संविधानसभाको चुनावअघि उनीहरूले नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चालाई चुनावमा सहभागिता गराउने प्रयाससम्म गरेनन् र विभिन्न विदेशी शक्तिहरूको आड र भरोसामा रहेर बरू सेना प्रयोग गरेरै भए पनि संविधानसभाको चुनाव सम्पन्न गराउने उद्घोष गर्दै दलका शीर्ष नेताहरू हिंडे । अहिले कुन्नी किन हो उनीहरू नेकपा-माओवादीको सहभागिताबिना संविधान निर्माण हुन सक्दैन भन्दै कुर्लिन थालेका छन् । पछिल्लो समयमा चुनाव विथोल्ने सर्वसाधारण जनतालाई चरम पीडा दिने समूहलाई (**बाँकी अन्तिम पेजमा**)

## एमाओवादीको अर्को सर्त पनि तुहियो

काठमाडौं । मंसिर ४ मा सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनमा नराम्रोसँग पराजित भएपछि चुनावमा धाँधली भएको भन्दै चुनावमा भएको धाँधलीको बारेमा स्वतन्त्र उच्चस्तरीय छानविन आयोग नबनेसम्म संविधानसभामा नजाने र समानुपातिकतर्फका आफ्ना पार्टीका उम्मेदवारहरूको नामसमेत निर्वाचन आयोगमा नपठाउने अडान लिएको एमाओवादीले अब अर्को बखेडा निकालेको छ, त्यो हो सत्य निरूपण तथा मेलमिलाप आयोगको गठनको माग । देशी विदेशी शक्तिहरूको दबाब र आफ्नै पार्टीभित्रका (**बाँकी अन्तिम पेजमा**)



## सम्भव छ- एक वर्षभित्रै नयाँ संविधान ?

■ **शाश्वत शर्मा खतिवडा**

विभिन्न समयमा गरिएका बुँदागत सहमतिहरूकै कडी अन्तर्गत गत मंगलबार आठ दलहरूबीचमा फेरि एकपटक 'चार बुँदे' सहमति भएको छ । त्यसो त, एमाओवादीलाई संविधानसभा(२) मा भित्र्याउनका लागि गरिएको उक्त चार बुँदे सहमतिपछि एमाओवादी पनि सहमत भएर अब 'प्रत्यक्ष' र समानुपातिक दुवैतर्फबाट संविधानसभा(२) मा भित्रने भएको छ ।

त, नेपाली राजनीतिको पछिल्लो चाखलाग्दो 'नाटक' को पहिलो पटाक्षेप यसरी भएको छ । अब हेर्नुछ, गरिएका चार बुँदे सहमतिलाई कत्तिको इमानदारीताका साथ पूरा गर्छन्- यिनीहरूले ? त्यसो त, एकथरी विश्लेषकहरू गरिएको चार बुँदो सहमति नै बेमानी भएको ठहर गर्न पनि पछि पर्दैनन् । तिनका अनुसार चार बुँदेमध्ये एउटै मात्र बुँदा पूरा गर्न पनि ज्यादै नै कठीन छ । चार बुँदामध्ये सबभन्दा कठिन बुँदा भनेकै छ महिनाभित्रमा नयाँ संविधानको मस्यौदा ल्याएर एक वर्षमा नयाँ संविधानको घोषणा गर्ने भनेर उल्लेख गरिएको बुँदा हो । कसैले विश्वास गर्छ- यो सम्भव छ भनेर ? यिनको तौरतरिका र यिनको 'नियत' लाई राम्ररी बुझेकाहरू अझै पनि संविधानसभा(२) को गठनमा नै संशय देखिरहेका छन् भने यस्तो अवस्थामा नयाँ र सर्वमान्य संविधान निर्माण हुनु त कहाँ हो कहाँ ! कांग्रेस र एमालेको अगुवाईमा एमाओवादीले नयाँ संविधान जारी हुन दिन्छ ? हिजो आफू (पहिलो संविधानसभामा) ठूलो पार्टी हुँदा असफल भएको पीडा एमाओवादीलाई एकातिर छँदै छ भने अर्कोतिर भर्खर सम्पन्न भएको चुनावमा आफू तेस्रो पार्टीमा झर्नु परेको हिनतावोध यद्यपि छँदैछ ।

अब यस्तो 'असफल' भइरहेको अवस्था



र समयमा एमाओवादीले अरूलाई 'सफल' हुन देला ? कसले विश्वास गर्छ ? वास्तवमा त्यो बुँदा एमाओवादीले कांग्रेस र एमालेलाई फसाउन राखेको लख कतिपयले काटेका छन् । हुन पनि एक वर्षभित्रमा संविधान जारी नहुने पक्का नै छ, यस अवस्थामा पहिलो र दोस्रो (**बाँकी अन्तिम पेजमा**)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# उच्चस्तरीय राजनीतिक संयन्त्र र भूमिगत गिरोह

*संविधानसभाको दोस्रो निर्वाचनपछि पनि ठूला दल भनिएका नेपाली कांग्रेस र एमाओवादीले उच्चस्तरीय राजनीतिक संयन्त्रलाई कायमै राख्नुपर्ने अडान लिएका छन् भने अर्को दोस्रो ठूलो दल नेकपा एमालेले अहिले दलहरुको हैसियत पहिलो संविधानसभामाभन्दा फरक भएको हुनाले अब उच्चस्तरीय राजनीतिक संयन्त्रको आवश्यकता नरहेको प्रष्ट पारिसकेको छ । संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भइसकेको र दलहरुलाई जनताले आ–आफ्नो हैसियतमा राखिसकेपछि उच्चस्तरीय राजनीतिक संयन्त्रको आवश्यकता छैन । उच्चस्तरीय राजनीतिक संयन्त्रका सूत्रधार स्व. गिरिजाप्रसाद कोइराला थिए । उनले नेकपा एमालेका नेता माधवकुमार नेपाल प्रधानमन्त्री भएपछि उच्चस्तरीय राजनीतिक संयन्त्रको आवश्यकता भएको भन्दै पहिलोपटक त्यस्तो प्रस्ताव ल्याएका थिए । माधव नेपाल प्रधानमन्त्री भएपछि सरकारलाई आफ्नो प्रभावमा राख्नका लागि कोइरालाले त्यस्तो प्रस्ताव ल्याएपछि उच्चस्तरीय राजनीतिक संयन्त्र अस्तित्वमा आएको थियो ।*

*पहिलो संविधानसभाको कार्यविधिमासमेत दलहरुले उच्चस्तरीय राजनीतिक संयन्त्रको अभ्यास गरेका भए पनि त्यस्तो संयन्त्रको बैठक बस्नुबाहेक राजनीतिक मुद्दाहरुमा सहमति जुटाउन सकेन । बरु ठूला भनिएका दलहरुले अन्य साना दलहरुलाई उपेक्षा गर्दै तीन दलीय सहमतिलाई अन्य दलहरुलाई स्वीकार गर्न बाध्य पार्ने प्रयास मात्र गरियो । त्यसबेला सबै समस्याहरुको समाधान संविधानसभाबाटै खोज्नु पर्नेमा संविधानसभा बाहिर कुनै अँध्यारो कोठामा बसेर निर्णय गर्ने प्रयास नभएको होइन । त्यसबेला पनि संविधानसभाभित्रै र बाहिर पनि उच्चस्तरीय राजनीतिक केन्द्र समानान्तर सरकार र शक्ति केन्द्रको अभ्यास गर्ने थलो भएको भन्दै विभिन्न खालका टिकाटिप्पणीहरु भएका थिए । अहिले नेकपा एमालेले उठाएका प्रश्नहरु विगतमा पनि उठेका थिए । तर त्यसबेला संविधानसभामा सबैभन्दा ठूलो दल भएको एमाओवादीको हठका कारण त्यस्ता महत्वपूर्ण प्रश्नहरुका बारेमा कुनै समाधान खोजिएन । त्यसबेला एमाओवादीले चाहेको भएमात्र संविधान निर्माण हुनसक्ने थियो । नेपाली कांग्रेस र नेकपा एमालेले चाहेको भए पनि उनीहरुले एमाओवादीको सहयोग बिना संविधान निर्माण गर्न सक्ने अवस्था नै थिएन । कांग्रेस र एमालेको संख्या जोड्दा पनि एमाओवादीको एक्लै ठूलो संख्या संविधानसभामा रहेको हुनाले संविधान निर्माण हुन नसकेको सत्य वास्तविकता हो । अहिले आएर एमाओवादी संविधानसभाको तेस्रो शक्ति रहेको अवस्थामा उसले उच्चस्तरीय राजनीतिक संयन्त्रलाई कायम राख्नुपर्ने र त्यसको संयोजकमा एमाओवादीका अध्यक्षलाई स्थायी रुपमै संयोजक बनाइनुपर्ने सर्त अघि सारेको छ । यदि कांग्रेस, एमाले एमाओवादीको सर्त स्वीकार गर्न तयार भएर लिखित सहमति गरेमात्र उसले संविधानसभामा जाने प्रस्ताव राख्नु एक किसिमको भूमिगत गिरोहले गर्ने गरी सरकारमा आफ्नो प्रभाव जमाउन खोज्नुबाहेक अन्य केही हुन सक्दैन ।*

*विगतमा पनि उच्चस्तरीय राजनीतिक संयन्त्रको भूमिका सन्तोषजनक देखिएको थिएन । तीन ठूला दलका केही शीर्ष नेताहरु बसेर गरेका निर्णयहरुलाई सार्वभौमसत्ता सम्पन्न संविधानसभामा प्रवेश गराएर सभासद्हरुलाई ताली बजाउने मात्र जिम्मेवारी दिएको हुनाले जनताका प्रतिनिधिहरुलाई उच्चस्तरीय राजनीतिक संयन्त्रले एक प्रकारले बन्धक नै बनाएको थियो । अहिले फेरि त्यही प्रयास सुरु गरिएको छ । विपरित राजनीतिक आस्था र सिद्वान्त बोकेका दलहरुबीच सहमति हुनै पर्दछ तर सहमतिका नाममा ठूला दल बाहेकका अन्य साना दलहरुलाई वेवास्ता गर्दै उनीहरुका विचार र मुद्दाहरुलाई संविधानसभाबाटै समाधान खोजिनु उपयुक्त हुने भएपनि संविधानसभालाई उपेक्षा गर्दै संविधानसभाबाट बाहिर गएर गरिने निर्णयहरुलाई अब सभासद्हरुले किमार्थ स्वीकार गरिनु हुँदैन । सबै समस्याका समाधान गर्ने थलो संविधानसभा नै हो । त्यहीँबाट सबै समस्याको समाधान खोजिनु लोकतान्त्रिक पद्धति हो । भरीसक्ये सहमति गर्दा सबै दलको सहमति लिनु उपयुक्त हुनेछ । यदि दलहरुबीच सहमति हुन नसकेको खण्डमा लोकतान्त्रिक पद्धति अनुसार बहुमतीय पद्धति अपनाएर भए पनि समस्याहरुको समाधान निकाल्ने एक मात्र थलो संविधानसभा नै हो ।*

*उच्चस्तरीय राजनीतिक संयन्त्रले पहिले पनि दलहरुबीच सहमति गराउन सकेन । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालको संयोजकत्वमा संवैधानिक समितिले विवाद समाधान उपसमिति समेत बनाइएको थियो । उक्त समितिमा ठूला भनिएका सबै दलका शीर्ष नेताहरु सदस्य रहेको भएपनि विवाद उपसमितिले संविधानका विवादित विषयहरुमा कुनै समाधान दिन सकेन । तत्कालीन अवस्थामा एमाओवादी, कांग्रेस, एमाले र केही मधेसी मोर्चाका अध्यक्षले उच्चस्तरीय राजनीतिक संयोजकमा एकएक महिनामा अध्यक्षता गर्ने गरी चार दलीय संयन्त्र बनाएको थियो । अहिले संविधानसभामा दलहरुको हैसियतमा फेरबदल भइसकेको र राप्रपा नेपाल चौथो ठूलो शक्ति भएको हुनाले उसलाई बाहिर राखेर फेरि उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने षड्यन्त्रमूलक खेल खेल्न एमाओवादी र कांग्रेस लागेका हुनाले त्यस्तो संयन्त्रले कुनै हालतमा पनि समस्याको समाधान नगर्ने भएको हुनाले त्यस्तो संयन्त्र आवश्यक छैन । यदि बनाउने नै हो भने पनि राप्रपा नेपालसहितका दलहरुलाई समेत उक्त संयन्त्रमा राखिनुपर्ने हामीले ठहर गरेका छौं ।*

# कांग्रेस, एमालेलाई फसाउन एमाओवादी सफल

*देवेन्द्र चुडाल*

संविधानसभाको दोस्रो निर्वाचन भएको ३७ दिन भइसक्दा पनि ठूला दल भनिएका नेपाली कांग्रेस, नेकपा एमाले, एमाओवादी र केही मधेसवादी दलहरूले समानुपातिकतर्फका आफ्ना उम्मेद्वारको नाम सिफारिस गर्ने मिति थपिसकेको छन् । दलहरूले राजनीतिक सहमति गर्ने नाममा निर्वाचन आयोगलाई समेत अनिर्णयको बन्दी बनाउँदै आएका भएपनि संवैधानिक निकाय आयोग भने दलहरूको आदेश तामेली गर्ने कार्यमा मात्र उद्धत रहेको छ । एउटा संवैधानिक निकायले संविधान ऐन कानुन अनुसार सम्पन्न गराएको निर्वाचनका बारेमा विभिन्न बखेडा निकालेर चुनावमा धाँधली भएको र धाँधलीमा राज्य संयन्त्र नै प्रयोग भएको जस्तो गम्भीर आरोप लगाउँदासमेत निर्वाचन आयोग मौन रहनु भनेको संवैधानिक निकायको गरिमा र प्रतिष्ठालाई घटाउने कार्यमात्र हो । नेपालको अन्तरिम संविधान र कुनै ऐन नियम र निर्वाचन कानुनले समेत चुनावमा धाँधली भएको भन्ने आरोपमाथि छानविन गर्न सक्ने अवस्था छैन । यस भन्दा पहिला पनि चुनावलाई कसरी निष्पक्ष र धाँधलीरहित बनाउन सकिन्छ, त्यसबारे सुझाव सल्लाह दिन विभिन्न समितिहरू गठन नभएका होइनन् तर ती समितिहरूले दिएका रायसल्लाह, सुझाव कति कार्यान्वयन भए भएनन् त्यसको लेखाजोखा आजसम्म भएको छैन । चुनावमा पराजित हुने पक्षले जहिले पनि धाँधली भएको आरोप लगाउने र जित्ने पक्षले धाँधली नभएको भन्दै हरूवाहरूले लगाएको आरोपमा कुनै सत्यता नहुने उद्घोष गर्दै आएको इतिहास हाम्रै सामु रहेको अवस्थामा अहिले एमाओवादी लगायत केही मधेसवादी दलहरूले कलात्मक रूपमा धाँधली भएको आरोप पनि पराजित मनस्थितिको उपजबाहेक अन्य केही हुन सक्दैन ।

पछिल्लो समयमा देखिएको राजनीतिक गतिरोधको गाँठो फुकाइएको भनिएको भए पनि आठ दलले गरेको सहमतिले राजनीतिक रूपमा संविधानसभामा पुगेका ३० दलमध्येका २२ दललाई निषेध गर्न खोजिएको प्रष्ट रूपमै देखिएको छ । संविधानसभामा पुगेका ८ दलहरूले गरेको सहमतिलाई नेकपा–माओवादीले ठाडै अस्वीकार गरेको छ भने संविधानसभामा चौथो ठूलो पार्टी भएको राप्रपा नेपाल लगायत अन्य दलहरूलाई उपेक्षा गरेर २/३ सिट लिएर संविधानसभामा पुगेका दलहरूलाई सहमतिमा ल्याउनुको औचित्य नै छैन । राप्रपा नेपाल संविधानसभामा २४ सिट ल्याएर संसद्मा प्रवेश गरेको छ । अहिले कांग्रेस, एमाले र एमाओवादीले उसलाई वार्तामा ल्याउने र उसका मुद्दाहरूका बारेमा कसरी सहमति गर्ने भन्ने विषयमा एक शब्दसम्म बोल्न सकेका छैनन् । विभिन्न दलहरूबीच भएका छलफल र बहसमा राप्रपा नेपाल, राप्रपा लगायतका अन्य दलहरूलाई सहमागी गराइएको छैन । केही दलहरूले मात्र बसेर गरेको सहमतिलाई राप्रपा नेपाल, राप्रपालगायतलाई वार्तामा सहभागी नगराइएका दलहरूले स्वीकार गर्नुपर्ने बाध्यता देखिएको छैन । एमाओवादी नेतृत्वले चुनावमा पराजित भएपछि आफ्नो पार्टीका अध्यक्ष पुष्पकमल दाहाललाई शक्तिकेन्द्रमा राख्नको लागि र शक्ति सन्तुलनको लागि उच्चस्तरीय राजनीतिक संयन्त्रको स्थायी अध्यक्ष बनाउनुपर्ने माग नै गैरसंवैधानिक रहेको छ । जनताले आफ्ना प्रतिनिधि चुनिसकेको अवस्थामा संविधानसभालाई निर्देशन गर्ने भूमिगत गिरोह खालको संयन्त्र किन आवश्यक छ ?

कांग्रेस, एमाले, एमाओवादी र केही मधेसवादी दलहरूले गरेको भनिएको चार बुँदे सहमतिमा संविधानसभा निर्वाचनका सम्बन्धमा उठेका प्रश्नहरूबारे अध्ययन अनुसन्धान गरी सुझाव पेश गर्न व्यवस्थापिका संसद्बाट एक संसदीय समिति गठन गर्ने भनिएको छ । त्यसैगरी शान्ति प्रक्रियाका बाँकी काम र संविधान निर्माणमा सहयोग पुर्‍याउन प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू रहने गरी एक समिति गठन गर्ने । १२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानको मूल मर्म र भावना बमोजिम संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मस्यौदा ६ महिनाभित्र तयार गरी एक वर्षभित्रैमा घोषणा गर्ने र वेपता सम्बन्धी छानविन र सत्य निरूपण तथा मेलमिलाप आयोग यथाशीघ्र गठन गर्ने पहल गर्ने भनिएको छ । यी चारै बुँदा अस्पष्ट र अमूर्त रहेका छन् । पहिलो बुँदामा चुनावमा धाँधली भएको भन्ने प्रश्नका बारेमा गठन हुने समितिले धाँधली सम्बन्धी पनि छानविन गर्न पाउने कि नपाउने ? उक्त समितिमा तीन ठूला दलका प्रतिनिधिहरू मात्र हुने कि संविधानसभामा उपस्थित भएका अन्य दलका प्रतिनिधिहरूसमेत रहने ? त्यो समितिले दिएको प्रतिवेदनलाई कसले कसरी कार्यान्वयन गर्ने ? यस सम्बन्धमा पहिला गठन भएका समितिहरूले दिएका अनुसन्धनात्मक सुझावहरू आजसम्म कार्यान्वयन भएका छैनन् । विभिन्न रूपमा बनेका समितिहरूले दिएका सुझाव, प्रतिवेदन सिंहदरबारको दराजमा थन्किएको अवस्थामा फेरि त्यस्तै हुँदैन भन्ने ग्यारेन्टी के ? अर्को बुँदामा शान्ति प्रक्रियाका बाँकी काम र संविधान निर्माणमा सहयोग पुर्‍याउन प्रमुख दलका शीर्ष नेताहरू रहने गरी एक समिति गठन गर्ने भनिएकोमा प्रमुख राजनीतिक दल भनेका यही सहमतिमा सही गर्ने दलहरू मात्र हुन् कि राप्रपा नेपाल, राप्रपा लगायतका अन्य दलहरू पनि हुन् ? सहमतिमा सही गर्ने राजेन्द्र महतो र महेन्द्र यादव अध्यक्ष रहेका दलहरूको संविधानसभामा २/३ जनाको मात्र उपस्थिति रहेको तर राप्रपा नेपालको सिट संख्या २४ र राप्रपाको १३ सिट रहेका हुनाले किन ठूला दल भनिएका दलहरूले उनीहरूलाई सहमतिमा लिने प्रयास गरेनन् ? यसले प्रष्ट हुन्छ कांग्रेस, एमाले र एमाओवादी अहिले पनि निषेधको राजनीति गर्न सक्रिय रहेका छन् ।

चार दलबीच भएको सहमतिमा सही गर्ने विजय गच्छदारको मधेसी जनअधिकार फोरम लोकतान्त्रिकको संविधानसभामा १४ जनाको उपस्थिति हुनेछ, अन्य मधेसवादी दलहरूको उपस्थिति त्योभन्दा न्यून हुने भए पनि उनीहरूलाई वार्तामा बोलाएर सहमति खोज्ने तर उनीहरूभन्दा निकै बढी सिट ल्याएको राप्रपा नेपाल र राप्रपालाई वार्तामा नै नबोलाई ठूला भनिएका दलहरूले जनताको अपमान गरेका छन् । राप्रपा नेपाल लगायत सबै दलहरूलाई सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले नै मत दिएका हुन् । दलहरूको हैसियत निर्धारण जनताले नै गरिदिएको अवस्थामा दलहरूले आफूहरूले पाएको हैसियत अनुसार अघि बढ्नुपर्नेमा केही मधेसवादी दलहरूको घुर्की र एमाओवादीको धम्कीका कारण कांग्रेस, एमालेले उनीहरूका अगाडि घुँडा टेकेका हुनाले कांग्रेस, एमाले फेरि एमाओवादीकै दास भएको प्रमाणित हुँदैन त ? कांग्रेस, एमालेलाई जनताले पहिलो र दोस्रो ठूलो दल बनाई दिए पनि संविधानसभा गठन नै नहुँदै उनीहरूले जनतालाई धोका दिएका छन् । सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले दिएको आदेश स्वीकार गर्न नसक्ने दलहरूले जनताको सेवा गर्दछन् भनेर विश्वास गरिएको खण्डमा त्यो नेपाली जनताको भूलमात्र होइन महाभूल हुनेछ ।

नेपाली कांग्रेस, नेकपा एमालेका शीर्ष नेताहरू र मन्त्रिपरिषद्ले समेत मंसिर ४ मा सम्पन्न भएको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित सम्पन्न भएको भनि सार्वजनिक रूपमै वक्तव्यवाजी गरी नेपाली जनता, निर्वाचन आयोग र सुरक्षा निकायलाई समेत धन्यवाद दिइसकेका र सयुक्त राष्ट्र संघका महासचिव वान की मुनले समेत चुनाव निष्पक्ष र धाँधलीरहित सम्पन्न भएको भन्दै ठूला दलका शीर्ष नेताहरू र मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई समेत बधाई दिइसकेको अवस्थामा चुनावका विषयमा उठेका प्रश्नहरूका बारेमा समिति गठन गर्ने जुन सहमति आठ दलले गरेका छन् त्यसले गर्दा दलहरूको हैसियत र नियतमाथि नै प्रश्नचिन्ह लागेको छ । यदि चुनावमा धाँधली भएको भए शीर्ष नेताहरूले किन नेपाली जनतालाई ढाँटे ? यदि धाँधली भएको थिएन भने किन केही दलको सहमतिमा मात्र संसदीय समिति बनाउन उनीहरू सहमत भए ? यसले गर्दा एउटा संवैधानिक निकायले गरेको कार्य सम्पादनमाथि नै प्रश्न उठेको छ । आठ दलले सहमति गरेको भनिएता पनि सहमति गर्ने दलहरूमध्येको नेपाली कांग्रेस, नेकपा एमाले र एमाओवादी बाहेकका अन्य मधेसवादी दलहरूको हैसियत संविधानसभामा न्यून रहने छ । केबल उनीहरूलाई त एमाओवादीले आफ्नो मोर्चामा ल्याएर आफू शक्तिशाली रहेको प्रमाणित गराउन मात्र सहमतिमा सही गराउन उनीहरूलाई प्रयोग मात्र गरेको हो । संविधान निर्माण गर्नका लागि संविधानसभामा उपस्थित भएका सबै दलको सहमति आवश्यक हुने भए पनि प्रमुख तीन दलले आफूहरूबीच सहमति गरेर अन्य साना दलहरूलाई उपेक्षा गर्दै अघि बढ्ने प्रयासस्वरूप चार बुँदे सहमति गरेका हुन् । एमाओवादीले पटक–पटक चुनावमा धाँधली भएको र राज्य संयन्त्र नै धाँधलीमा प्रयोग भएको जस्तो गम्भीर आरोप लगाएकोमा त्यो आरोप एमाओवादीले फिर्ता नलिएको अवस्थामा कांग्रेस, एमालेसहितका केही मधेसवादी दलहरू सहमत भएर संसदीय समिति बनाउने सहमति गर्नुले एमाओवादीको जीत भएको छ । चार बुँदे सहमति गर्ने दलहरूले अब अर्को कुनै दलले त्यस्तै बखेडा निकालेर संविधानसभामै नजाने अडान लिएको खण्डमा के उनीहरू त्यस्तो अर्को सहमति गर्न बाध्य भएनन् र ? जनताले आफूमा निहित रहेको सार्वभौमसत्तालाई प्रयोग गरेर संविधान निर्माण गर्न आफ्ना प्रतिनिधिहरूलाई संविधानसभामा पठाएका हुन् ? जनप्रतिनिधिहरूले अनेक बखेडा निकालेर संविधानसभामा जाँदैनौं भन्न पाउँदैनन्, जनताले दिएको अभिभारालाई उनीहरू पूरा गर्न सक्दैनन् भने उनीहरूले राजीनामा दिएर मार्ग प्रशस्त गर्नु पर्दछ । त्यो नै लोकतान्त्रिक पद्धति भए पनि एमाओवादीले कांग्रेस, एमालेको नाडी छामीसकेको र त्यसभन्दा पहिला पनि उनीहरूलाई एमाओवादीले विरालोले मुसा खेलाए जस्तो खेलाएको हुनाले अहिले पनि कांग्रेस, एमालेलाई खेलाउन ऊ सफल भएको छ । मधेसवादी दलहरूलाई एमाओवादीले हतियारको रूपमा प्रयोग मात्र गरेको हो । कांग्रेस, एमालेले जनताले दिएको मतलाई सदुपयोग गर्न फेरि चुकेका छन् । यसरी उनीहरू चुक्दै गए संविधानसभा र सरकारमासमेत एमाओवादी नै हाबी हुने प्रष्ट भएको छ ।

नेकपा–माओवादीले पुस ९ गते भएको चार बुँदे सहमतिलाई औचित्यहीन भनिसकेको छ । माओवादीका पोलिटब्यूरो सदस्य धर्मेन्द्र वास्तोलाले त्यस्तो ४ बुँदे सहमति टिप्पणी गर्न समेत लायक नभएको भन्दै हामीले गोलमेच सभाको माध्यमबाट सर्वपक्षीय छलफलको माग गरेका छौं । दलहरूले सहमति गरेर राजनीतिक समितिको निरन्तरता दिने सहमतिको कुनै औचित्य नरहेको प्रष्ट पारिसकेका र सहमतिमा सही गर्ने आठ दलबाहेकका अन्य सबै २२ दलले समेत त्यस्तो समितिको विरोध गर्नसक्ने भएका हुनाले चार बुँदे राजनीतिक सहमतिले समस्याको समाधान खोज्नु भन्दा समस्या अझ बल्झाउने र दलहरूबीच तिक्तता मात्र बढाउन सक्ने सम्भावना बढेर गएको छ । अहिले भएको भनिएको सहमतिमा प्रष्ट कुरा राखिएको छैन । अमूर्त विषयमा सहमति गरिएको छ । शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न र संविधान निर्माणमा सहयोग पुर्‍याउन प्रमुख दलका शीर्ष नेताहरू सहभागी भएको समिति बनाउने भनिए पनि उक्त समितिको औचित्य के हुने, त्यस समितिले दिएको सुझाव संविधानसभाले अस्वीकार गर्न पाउने कि नपाउने, समितिको अध्यक्ष कसरी हुने, पालैपालो कि एमाओवादीले भनेजस्तै एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाललाई स्थायीरूपमै अध्यक्ष बनाउने भन्ने विषयमा सहमति भएको २४ घन्टा नवित्दै विवाद सिर्जना भएको छ । एमाओवादीले पार्टीका अध्यक्ष पुष्पकमल दाहाल समितिको स्थायी अध्यक्ष हुने उद्घोष गरिसकेको हुनाले विवाद सिर्जना भएको हो ।

पहिलो संविधानसभामा पनि विवाद मिलाउने र संविधान निर्माणमा सहयोग पुर्‍याउने भन्दै उच्चस्तरीय राजनीतिक संयन्त्र बनाइएको थियो । तर त्यसलाई शक्ति हत्याउने संयन्त्रको रूपमा प्रयोग गरियो । पहिलो संविधानसभामा उपस्थित भएका दलहरूको हैसियत अहिले फेरिएको छ । एमाओवादी संविधानसभामा तेस्रो शक्ति भएको छ । संसद्मा तेस्रो शक्ति मात्र भएपछि उसले संविधान निर्माणमा आफ्नो भूमिका न्यून हुने आंकलन गरेरै उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउनुपर्ने र पार्टी अध्यक्ष नै त्यसको स्थायी अध्यक्ष बनाइनुपर्ने सर्त अघि सार्दै त्यसैलाई संविधानसभामा जाने सर्त अघि सार्‍यो । त्यो आफैंमा षड्यन्त्रमूलक र कुटिल रणनीतिक चालबाजी रहेको छ । मधेसवादी दलहरूलाई साथमा लिएर अब एमाओवादीले कांग्रेस, एमालेलाई खेलाउने भित्री उद्देश्यले उसले रणनीतिक चाल चालेको भए पनि एमाओवादीको जालभित्र कांग्रेस, एमाले फस्न सक्ने सम्भावना बढेर गएको हुनाले कांग्रेस, एमालेलाई पहिलो र दोस्रो ठूलो दल जनताले बनाइदिए पनि चुनावमा हारेकै भए पनि शक्ति एमाओवादीकै वरिपरि घुमिरहने निश्चित छ ।

*devendrachudal@gmail.com*

# युवा नउठे देशको अस्तित्वको संकटमा



राजन कार्की

जुन देश बुढाहरूको काँधमा निर्भर रहेको हुन्छ, त्यो देश हुरीमा दियो बालेसरह धिपधिप गरिरहेको हुन्छ र जतिबेला पनि संक्रमणमा रहन्छ । भीमनिनिधि तिवारीले लेखेका थिए- राज्यलिप्साले नेता अन्धो हुन्छ, उसले स्वार्थमात्र देख्छ । जहाँ न पहुँचे रवि, वहाँ पहुँचे कवि भनेको हो रहेछ । दशवर्ष लामो जनयुद्धमा सत्र हजार मानिसको बली चढाएपछि पनि नेताहरू सत्ताकै लागि मरिहत्ते गरिरहेका छन् । जनयुद्ध र जनआन्दोलन त षडयन्त्रको जालो रहेछ, जुन जालोमा नेपाल र नेपाली छटपटिन बाध्य भएको छ । माओवादीको जनवादको, अन्य पार्टीको जनप्रतिनिधिमूलक व्यवस्थाको भाकल त उनलाई सत्ताप्राप्ति र जनतालाई अन्धकार पो रहेछ । सत्ताको बरदान पायो कि सत्ताको नसाले चूर भइहाल्ने, कस्ता नेता पाएछौं हामीले ।

होनहार युवाहरू अध्ययनका क्रममा विदेशीने क्रम रोकिएको छैन । हजारौं सिर्जनशील र श्रमशक्तिको लस्कर दिनहुँ देश छोडिरहेका छन् । ती सबको मुखमा एउटै शव्द हुनेगर्छ- यो देशको भविष्य छैन । यहाँ बसेर के गर्नु, कति रल्लिनु ? यो देशमा काम गरेर खान पाइन्न । यहाँ बस्नु भनेको नेताको झोले हुनु हो । जनयुद्ध, जनआन्दोलन, काग्रेस, एमाले, माओवादीका घोषणापत्र, प्रतिवद्धताको यो भन्दा ठूलो बेइजति अरू के हुन्छ ? नेताहरू जतिसुकै सुकिलामुकिला, सुख र सम्पन्नयुक्त भए पनि जनताको जीवन झनझन कष्टकर बन्दै गएको छ । युवाहरू यसरी टकटकिएर र बिरक्तिएर बिदेशीने युवाहरूको यस्ता प्रतिक्रियाले राजनीति कतिसम्म दीनहीन र दयनीय भइसक्यो भन्ने झिल्का र झल्का देख्न सकिन्छ ।

यस्तै भययुक्त अव्यवस्थाको स्थितिबाट गुज्रिएका दुई मुलुकले आफूलाई कसरी मुक्त बनाए, स्वस्थ बनाए भन्ने उदाहरण छन् । एउटा हो सिंगापुर र अर्को हो ताइवान ।

सिंगापुर, कुनै दिन ९० प्रतिशतसम्म भ्रष्टाचार हुने मुलुक थियो । सुशासनको नाम बदनाम भइसकेको थियो । फोहरी सिंगानपुर बिनसकेको थियो सिंगापुर । के गर्ने, कसरी सिंगापुरलाई सुशासनयुक्त बनाउने भन्ने एउटा सोच यसरी कामयाव भयो कि आज सिंगापुरलाई एसियाको युरोप भन्ने दर्जा प्राप्त छ । सुशासन, सम्पन्नता, बिधि र प्रगतिको चर्चाको शिखरमा छ सिंगापुर । युवा र देशको अस्तित्वरक्षा, दीर्घकालीन विकासको विकल्प यही भन्ने ठानेर सरकारले सबै तहका कर्मचारी र विशेषगरी उच्च ओहदाका पदाधिकारी सबैको तलव, भत्ता, सुविधा व्यापक रूपमा बृद्धि गरिदियो । युवाहरूलाई सरकारी निकायमा प्रवेश गर्ने फलामेजस्तो स्वार्थ र भ्रष्टाचारको द्वारलाई यति खुकुलो र उदार गरियो कि सक्षम, इच्छाशक्ति भएका युवाहरूलाई सरकारी जागीरका लागि प्रेरित हुन बाध्य पारियो । युवा अगाडि आएपछि सिंगापुरमा भ्रष्टाचार रोकियो, निर्माण सुरू भयो, बन्द-हड्ताल हरायो । भ्रष्टाचारीहरूबाट बलात्कृत सिंगापुर, अपमानित सिंगापुरवासीलाई राज्यको सेवा सहज हुनथाल्यो । जिम्मेवार प्रशासनको सुरूआतले राजनीति त्यही मार्गमा डोरिन बाध्य भयो । त्यसै लीक्वान युलाई सिंगापुरको आधुनिकरणका लागि चर्चा गरिएको होइन । उनको जस्तो इज्जत कमाउन देशका लागि उनले जसरी त्याग गर्न सक्नुपर्छ । देशका लागि आफूलाई बलिदान गर्न सक्नुपर्छ ।

अर्को उदाहरण छ- ताइवानको । ताइवानमा दिनहुँ हड्ताल हुनथाल्यो, उत्पादन रोकियो र उद्योगधन्दामा तालाबन्दी भयो । सडकमा आगजनी, शासन प्रशासन तमासे हुनथाल्यो । राजनीतिक अराजकताका कारणले आर्थिक जर्रा जर्रा चरमारायो । ताइवान मानौं, आँधीहुरी हुण्डरीको सिकार भयो । अस्तव्यस्त ताइवानलाई के गर्ने, के नगर्ने ? एकप्रकारको हाहाकार मच्चियो । त्यसपछि एउटा सोच निस्क्यो र त्यो सोचलाई शासनपद्धतिमा ढालियो । प्रिन्स्टन विश्वविद्यालयका चुनिन्दा विद्यार्थीहरूलाई सिधै मुलुकको राजनीति र आर्थिक योजनाकार बनाइयो । मुलुकका लागि सल्लाहकार बनेका ती होनहार राजनीति र आर्थिक विषयका विद्यार्थीहरूको सुझावमा देश चल्न थाल्यो र राजनीतिक अतिरञ्जना, सपना र आश्वासन रोकियो । नयाँ र यथार्थवादी नीतिहरू कार्यान्वयन हुनथाले । विरूवा राम्रो हुनुपर्छ र मालीको लगन भयो भने विरूवा हुर्कन्छ, फुल्छ र फल्छ पनि । युवा अग्रसर भएपछि नभन्दै ताइवान आजको सम्पन्नता प्राप्त गर्न सफल भयो ।

हाम्रो देश नेपाल प्रकृतिको वरदानप्राप्त मुलुक हो । प्राकृतिक सम्पदाको खानी भएर पनि हामी गरिब छौं । रोगी मानसिकता बोकेको राजनीतिक खियाले खाएको मुलुक हो नेपाल । युवाहरू उपेक्षित भएको मुलुक हो नेपाल । हामी शिक्षित, अशिक्षित श्रमशक्ति निकासी गरेर गर्व गर्छौं र रेमिटान्स भित्रियो भनेर त्यसको हिसावकिताव गर्नमा व्यस्त छौं । जनशक्ति पलायन हुनु भनेको विकास होइन, रेमिटान्सले देशको प्रगति हुनसक्दैन, युवाशक्तिविहिन मुलुक कहिले पनि निर्माण, उत्पादन र प्रगतिको मैदानमा उभिन सक्दैन भन्ने यथार्थ हाम्रा थाङ्ने योजनाकार, अर्थवेत्ता, समाजशास्त्री, अधिकारकर्मीहरूले बुझेर किन बुझ्पचाइरहेका छन् ?

जो विदेश गइरहेका छन्, कति प्रतिशत शीप सिकेर फर्केका छन् ? सरकारसँग हिसाव छैन । जो सग्ला वैदेशिक रोजगारीमा गएका छन्, प्रत्येक दिन कतिजनाको लाश आउने गरेको छ, सरकार सूचना लुकाउँछ । एमनेस्टी इन्टरनेशनलले कतारमा नेपाली श्रमिकमाथि पशुको व्यवहार गरेको रिपोर्ट सार्वजनिक गऱ्यो, सरकार, परराष्ट्र र राजनीतिक दलहरूले सामान्य लज्जाबोधसमेत गरेनन् । विदेशी जेलहरूमा, सडकहरूमा, दूतावासहरूमा असरल्ल नेपाली श्रमिकहरू मृत्युसमान जीवन बिताइरहेका छन्, श्रम र यौनशोषण भइरहेको छ, तिनको सोधखोज गर्ने फुर्सद छैन सरकारलाई । सरकार र राजनीतिक दलहरू माफिया, तस्कर, कमिशनखोरहरूसँग कुरा मिलाउनैमै मस्त छ, भ्रष्टाचार गर्नमै दङ्ग छ, कसरी बन्छ देश ? कसरी देखिन्छ सुशासन ? कसरी स्थापित हुन्छ बिधिको शासन ?

हिजो राजतन्त्र थियो, यो त सामन्ततन्त्र भयो भन्ने स्याल हुइयाँ चलाएर उसलाई अनेक षडयन्त्र गरेरै किनारा लगाएको हो । पञ्च थिए, युद्धमैदानबाट भागे, युद्ध नलडी पराजीत हुनपुगे । आफ्ना भन्ने दुलाभित्र पसिहाले, निशस्त्र, चक्रव्यूहमा एक्लो पारिएपछि विचरो राजतन्त्र कसरी टिक्न सक्थ्यो र ? त्यसपछि अग्रगमनकारी, बिस्तारवाद र साम्राज्यवादको बिरोधी, नेपालको सार्वभौम सुरक्षित पारेर नेपाललाई स्वर्ग बनाउने तारणहार त यही पो रहेछ भन्ने भ्रम छरेर माओवादीलाई जननजरमा उतारियो । ५ वर्ष पनि लागेन, यो त विदेशीको घोडा पो रहेछ । उ त देशलाई आधा उत्तरतिर र आधा दक्षिणतिर मर्ज गराउने उद्देश्य लिएर पो जन्मेको रहेछ भन्ने खुलासा हुनपुग्यो । जनयुद्ध गर्ने, देशको कायापलट गर्ने ताकत भनेको त राजतन्त्र फाल्ने हतियार साँध लगाएको पो रहेछ । चौसठ्ठी सालको निर्वाचनमा जनताले नयाँ विकल्पको रूपमा यसैलाई छाने, त्यो त विध्वंशकारी औजार निक्लियो । त्यही औजारलाई जनताले यसपटकको निर्वाचनमा नकारीदिएका हुन् । यो माओवादीसहित ठूला चारथरि राजनीतिक शक्ति छन् नेपालमा । माओवादी भारन पन्छीजस्तो दुई टाउके पार्टी छ । नेकपा-माओवादीले चुनावमा जान्न भन्यो, एमाओवादी राजनीतिक परिदृश्यबाटै बिलायो । उसको मेजर भूमिका एक्कैदिनको जनमतले माइनर बनाइदियो । कांग्रेस छ, सात दशक अगाडिको भवानीपुरको भीडभन्दा भिन्न रूपमा छैन । वीपी बाँचुन्जेल वीपीले र गिरिजाप्रसाद हुन्जेल उनले कोइरालावादलाई हिटलरी बनाएर चलाए । सुशील कोइरालाले त्यो बिराशत पाएका छन्, उनको कुरै कोही बुझ्दैनन् । उनी नेपाली कांग्रेस हुन् कि प्रचण्डका पिछलग्गु, उनी सिद्धान्त बोक्छन् कि प्रचण्ड बगार्छन् भन्ने समेत धेरैले बुझेका छैनन् । एमाले भन्ने अर्को के हो, के हो ? पार्टी छ । मदन भण्डारीलाई आदर्श मान्छ तर बगुलाभगत बनेर सत्ताको अवसर कुरेर बस्छ । सत्ताका लागि प्रचण्डको खुट्टा मल्न न माधव नेपालले बाँकी राखे, न झलनाथ खनालले । अग्रगमन खोज्ने नाममा अवसर छोप्ने मुनाफाखोर फौबञ्जारजस्तो व्यापारी बनेको छ एमाले । कमशलहरूको भीडमा छान्ने बाध्यता थियो जनतालाई, कांग्रेस-एमालेले सत्ता र संविधान लेख्ने अगुवाको जिम्मेवारी पाएका छन् । चुनाव सम्पन्न भएको डेढ महिना हुनलाग्यो, बैठकसमेत बोलाउन सकेको स्थिति छैन । सरकार बनाउन, संविधान लेख्न र अन्य लेनदेन कहिले मिल्ने ? अराजकता बढ्दै गएको छ, मुलुक अस्तित्व बचाउने संकटमा फस्दै गएको छ । यो अस्तव्यस्त बन्दै गएको मुलुकको आँगनमा युवाहरू छन् तर तिनको कुनै भूमिका निर्धारित छैन । युवाहरू मरीच चाउरिएजसरी चाउरिएर आफैबाट भाग्दैछन्, भाग्दैछन् ।

यो दुरावस्थाको मुक्तिका लागि युवा अघि सर्नैपर्छ । एउटा नयाँ सोच, ताइवान अथवा सिंगापुरमा प्रयोग गरिएजस्तै प्रयोग हुनैपर्छ । युवा निकासी गर्ने होइन, युवा विदेश पलायन भएर होइन, युवाहरूलाई शासन, प्रशासन, आर्थिक सुधारमा संलग्न गराएरमात्र यो देशको भविष्य सुनिश्चित हुनसक्छ । पुरानो पुस्ता सत्ता राजनीति गरिरहेछ, पुरानाले सक्दैन समयको बेग थाम्न र थेग्न । आधुनिकतालाई सुमर्न युवाशक्ति नै चाहिन्छ । चौतारीमा सम्मानित भएर युवाहरूलाई उत्साहित गर्ने उमेरका बुढाहरूमा लेशमात्र पनि देशभक्ति छ भने उनीहरूले युवाहरूका लागि ठाउँ खाली गरिदिनुपर्छ । अवसर सिर्जना गरिदिनुपर्छ । २० देखि ३० वर्षसम्मका युवाहरू प्रशासनमा, ४० वर्षसम्मका युवाहरू राजनीतिमा आउनुपर्छ । प्राकृतिक श्रोत पर्याप्त छ, त्यसमा बौद्धिक श्रोत र युवाश्रम एकतावद्ध भएर लगाउन सकियो भने देशको पुननिर्माण र नवीकरण हुनसक्छ । नैतिकवान र इमानदार राजनीतिक खडेरीले देश बाँझो भइसकेको छैन, मात्र बुढा र बेइमानहरूको बिस्थापन र युवाहरूको स्थापनको आवश्यकता छ । नेपाल आफ्नै खुट्टामा उभिने एकमात्र आधार यही हो । देश बन्नुपर्छ, बनाउँछु भन्ने एकजनाले इच्छाशक्तिका साथ उभिने हो भने देशको अस्तित्वरक्षाको श्रीगणेश हुनसक्छ अन्यथा, विश्व वैंकले प्रक्षेपण गरेजस्तो बीसवर्ष पछि नेपाल बुढाहरूको देश हुनेछ । अघोषित रूपमा विश्वशक्तिको सामरिक रणनीतिक मोर्चा बनिसकेको नेपाललाई अस्तित्व बचाउने वर्तमान संघर्ष संकटमा परिवर्तन हुनेछ ।



# Gupta,Hasnain Erred-Kashmir is an Internationally Recognized Dispute

*Abdul Majid Zargar*

Following BJP's Prime Ministerial Candidate, Modi's suggestion to have a debate on Article 370 in Jammu's Lallkar rally, many articles have appeared in the Indian print media- some in praise & few in denouncement . A common feature in these articles, however is the betrayal of collective amnesia by writers about the history of word "Temporary" appearing before the article. While piloting the article in the Indian constituent assembly, the said word was stated to be necessary pending holding of a plebiscite as promised to the people of State & the whole word but with the passage of time a canard is being spread that it was provisioned to facilitate full integration of State with Union of India. Well-public memories cannot be as short as these writers & think-tanks would like us to believe. They need to access the records of Constituent assembly proceedings, if they harbor any doubt.

Be that as it may, two articles, commenting on Modi's rant have been subject of immense debate & comments. One written by Shekar Gupta, Editor in chief of Indian Express titled "Disarming Kashmir-National interest" and reproduced by Greater Kashmir on 10th December and another in response thereto written by Retired Lt. General Ata Hasnain published in the Indian express of 11th December 2013.

While Gupta broadly opines that Military objective in the State stands achieved, time is ripe for a political solution of Kashmir issue for which it is necessary that the military takes a back seat. In response, the former Lt. General, Ata Hasnain contests Gupta's claim of victory and has suggested continuance of military measures & draconian laws like AFPSA to crush the armed struggle, Which both refer to as terrorism.

It is said that a problem well understood is half solved. When an analyst or a commentator ignores the fundamentals of a problem, his diagnosis & prognosis is bound to be flawed. At the basic level both Gupta & Hasnain have erred in not acknowledging a fundamental truth-that Kashmir issue is an internationally recognized dispute which has to be solved by India in accordance with the wishes of the people of J&K. It is ignorance of this truth that is inflicting huge damage on the body politic of India and eating into its vitals.

Having said that, the two write-ups have yet again turned the spotlight on the Armed Forces Special Powers Act (AFSPA). While Gupta favors its abrogation , Hasnain insists its continuation for launching effective counter-insurgency operations. While the ongoing debate is largely confined to a restatement of known positions, but it is important to realize a simple truth that military advice takes a precedence over political judgment in shaping India's policy on Kashmir.

The obnoxious act empowers security personnel including army & paramilitary forces, all of whom are siblings in terror, to commit any sort of crime they like on the defenseless people of Kashmir. They have indulged in custodial deaths, fake encounter killings, rapes & involuntary disappearances without any accountability, whatsoever because of shield of impunity provided by this Act. A report published by APDP titled "Alleged perpetrators" has identified 500 security personnel for heinous crimes. Though the report itself is a proverbial tip of the iceberg, yet no notice has been taken of it by Generals & colonels wearing countless medals on their uniforms. A record number of 235 army men stand identified in this report for various spine-chilling crimes but a serving general has the audacity to say that less than 3% of the complaints against army personnel have been found true. Even where CBI has clearly indicted the forces of cold blooded murder (Pathribal fake encounter case), the State has not accorded sanction to prosecute the guilty.

One of the major rape cases in the history of Kashmir is the Kunan- Poshpora mass rape incident that happened in 1991.Even after lapse of 23 years, the army and State is using every conceivable tactic to obfuscate the truth & put impediments in the flow of Justice .There are instances of rape cases against numerous army personnel which have been buried under the rubric of AFPSA. Even where cases of daughters having been raped in front of their mothers, have been reported, the depraved & heartless Generals have turned their face to other side as if they are borne out of stones.

# भारतवादी हुँ भन्नेहरूले चुनाव हारेका हुन्

*सुदिष्टलाल दास*

मंसिर २३ गते आइतबार छिमेकी मित्रराष्ट्र चीनको नेपालस्थित दूतावासले हिमाली तथा पहाडी जिल्लाका नवनिर्वाचित सभासद्ह□लाई बोलाएर रात्रिभोज दिएको समाचार भोलिपल्टका अखबारहरूले प्रमुख महत्वका साथ प्रकाशन गरे । त्यसको सात दिन अगाडि सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले दिएको सार्वजनिक अभिव्यक्तिलाई सञ्चारमाध्यमहरूले यसरी नै महत्व दिएका थिए । यसअघि आफूलाई मधेसवादी भन्ने सद्भावनाका अध्यक्ष महतोले पहिलोपटक आफूलाई भारतवादी घो□णँ गर्दै भनेका थिए- 'संविधानसभा निर्वाचनमा हामी भारतवादीको पराजय भनेको भारतको पनि पराजय हो ।' महतोको यो भनाइले मुख्यतः दुईवटा प्रश्न उब्जाएको छ । पहिलो हो- नेपालको कुनै एउटा राजनीतिक दलको विजय तथा पराजयमा कसरी भारतको विजय तथा पराजय गाँसिन्छ ? दोस्रो हो- खुलेआम विदेशवादी घो□णँ गर्नेहरूलाई दल गठन गर्ने तथा संगठन गर्ने स्वतन्त्रता हुन्छ कि हुँदैन? महतोको यो भनाइले बहुदलीय लोकतन्त्रको कतिसम्म बद्नाम गरेको छ भन्ने कुरामा न त स्वदेशी बुद्धिजीवीमाझ त्यतिसारो बहस भएको देखियो, न त आफूलाई भारतवादी हुँ भन्ने उनको घो□णँले आत्नो देशको बद्नामप्रति भारत होसियार भएको देखियो । उनको यो भनाइलाई भारतीय दूतावासले गम्भीरतापूर्वक लिनुपर्थ्यो, तर लिएन । महतोको भनाइलाई भारतले गम्भीतारपूर्वक नलिनु र चिनियाँ दूतावासले हिमाली तथा पहाडी क्षेत्रका नवनिर्वाचित सभासद्हरूलाई बोलाएर रात्रिभोज दिनु संयोग मात्र पनि हुनसक्छ । यदि संयोग मात्रै हो भने बडो राम्रो कुरा हो । तर संयोग मात्रै नहुन सक्छ ।

तिब्बतलाई आत्नो मुलुकमा मिसाएदेखि नै नेपालमा हुने गतिविधिप्रति छिमेकी मुलुक चीन बेखबर थिएन । उसले नेपालमा बडो गम्भीर, गोप्य र होसियारीपूर्वक आत्नो गतिविधिहरू सञ्चालन गर्ने गरेको सहजै आंकलन गर्न सकिन्छ । नेपालको मामिलामा भारतले गरेका गतिविधि खुला देखिए पनि चीनले आत्ना गतिविधिहरूलाई गोप्य नै राख्ने गरेको थियो । तर राजेन्द्र महतोको यो अभिव्यक्तिपछि हिमाली तथा पहाडी क्षेत्रका सभासद्लाई रात्रिभोज दिइएको समाचार चिनियाँ दूतावासले सार्वजनिक गर्नु संयोग मात्र होइन । चीन पनि नेपालको मामिलामा खुलेरै प्रकट भएको छ । तिब्बतसँग सिमाना जोडिएको जिल्लाका सबै तहका जनप्रतिनिधिहरूलाई बेलाबखत दूतावासमा बोलाएर भेटघाट गर्ने, केहीलाई आत्नो देशको भ्रमणँमा समेत लैजाने, नेताका छोराछोरीलाई छात्रवृत्तिमा पढाइदिनेलगायतका कामहरू चीनले गर्दै आएको छ । साथै, आत्नो सीमा क्षेत्रबाट ३० किमीको दूरीसम्म बसोबास गर्ने नेपालीहरूलाई सामान्य भिसामा तिब्बत आवतजावत तथा व्यापारका लागि चीनले छुट दिँदै आएको छ । नेपालीहरूका लागि यो सकारात्मक पक्ष हो । पछिल्लो दिनमा चीनले हासिल गरेको आर्थिक समृद्धि तथा विकासबाट हिमाली क्षेत्रका नेपाली जनता लाभान्वित हुन थालेका छन् । सीमा जोडिएका तिब्बती बजारबाट चिनियाँ सामान ल्याएर भारतीय बजारसम्म पुऱ्याउने अवसरबाट विकट क्षेत्रका नेपाली जनता लाभान्वित भएका छन् । तर भारतबाट लाभसँगै जसरी हस्तक्षेप पनि बढेको छ, चीनबाट पनि लाभसँगै हस्तक्षेप बढ्ने त होइन ? भन्ने चिन्ता प्रमुख हो ।

दक्षिणतर्फ भारतले र उत्तरतर्फ चीनले आत्नो गतिविधि बढाउँदै जाँदा नेपालको सार्वभौमसत्ता खुम्चने त होइन ? भन्ने चिन्ता बढ्नुमा कम्युनिस्टहरूकै बलियो प्रभूत्व छ । भारतीय विस्तारवादविरूद्ध भन्दै पहाडी क्षेत्रमा कम्युनिस्टहरूले आत्नो संगठनलाई बलियो बनाउँदै लगेका छन् । अर्थात् आत्नो संगठनलाई बलियो बनाउने नाममा पहाडतर्फ कम्युनिस्टहरूले भारत विरोधी भावना फैलाउन थालेको आधा शताब्दी बितिसकेको छ । तर तराई-मधेसमा भने अहिलेसम्म भारतविरोधी भावना फैलिन पाएको छैन । तराईका जनता र सीमावर्ती भारतीय जनताबीच सदीयौंदेखि रोटीबेटीको सम्बन्ध छ । जनस्तरको यही सम्बन्धका कारणँ नै नेपाल-भारतबीच विशेष सम्बन्ध रहिआएको हो । यो विशेष सम्बन्धलाई निरन्तरता दिनसके नै दुवै देशको कल्याणँ छ । तर तराई मधेसमा पनि भारतविरोधी दुर्भावना फैलाउने चेष्टा तथाकथित मधेसवादी पार्टी र तिनका नेतामार्फत भइरहेको छ । सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोको विवादास्पद अभिव्यक्ति त्यही चेष्टाको उपज हो । मधेसवादी पार्टीलाई चुनाव हराएका मधेसी जनताले नै हो । मधेसवादी पार्टी भनेका भारतवादी होइनन् । अघिल्लो चुनावमा मधेसवादी पार्टीहरूले उल्लेख्य मत पाएका पनि हुन् । तर त्यो मतको व्यापक दुरूपयोग भयो । सबैजसो मधेसवादी नेताहरूलाई सत्ता चाहिएको,भ्रष्टाचारबाटै किन नहोस् पैसा चाहिएको छ ।

नेपालको भौगालिक अवस्थिति हिजोजस्तो थियो आज त्यस्तो छैन । हिजोसम्म तिब्बतीमार्गबाट नेपालमा चीनको उपस्थिति सम्भव थिएन । तिब्बत र नेपालको बीचमा सीमास्तम्भका रूपमा रहेका हिमाली शृंखला छिचोलेर आवतजावत गर्न सजिलो थिएन । तर आज चीनले तिब्बतमा सडक सञ्जाल फिजाइसकेको छ । तिब्बत र नेपाल आवातजावत गर्ने परम्परागत व्यापार भन्ज्याङ हुँदै सडक छिचोलिएको छ । अब तिब्बत र नेपालबीच पर्खाल छैन । सहज आवतजावत प्रणँली सुरू भइसकेको छ । जसरी तराईमा नेपाल-भारतबीच सहज आवतजावत छ, त्यही स्थिति हिमाली क्षेत्रमा पनि नेपाल-चीनबीच देखिएको छ । यो अवस्थालाई भारतले अब नजरअन्दाज गर्न मिल्दैन । चीनबाट हुने खतरालाई भारतले रोक्न सक्ने मुख्य माध्यम भनेकै नेपाली जनताको मन जित्नु हो । यसै पनि नेपालमा राष्ट्रवादको खोल ओढेर भारतविरोधी गतिविधि हुने गरेका छन् । अप्राकृतिक गठबन्धन गरेर सत्तामा जाने, अनि भ्रष्टाचार गरेर निजी सम्पत्ति आर्जन गर्ने अभियानमा मधेसवादी नेता लागेका कारणँ भर्खर सम्पन्न निर्वाचनमा जनताले उनीहरूलाई दण्डित गरेका हुन् । जनताले दिएको यो दण्डलाई मधेसवादी दलहरूले आत्मसात गर्नुपर्छ । तर हामी भारतवादी हौं, हामीले हार्नु भनेको भारतले हार्नु हो भन्ने जस्ता तुक न तर्कका अभिव्यक्ति दिँदा मधेसी जनतामा भारतको भूमिकाप्रति चिसो पस्न सक्छ ।


नेपाल सरकार

**शिक्षा मन्त्रालय**

**शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना**

नक्साल, काठमाडौं

शिक्षाको लागि खाद्य कार्यक्रम संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रमको सहयोगमा सन् १९६७ देखि निरन्तर रूपमा सञ्चालन हुँदै आएको कार्यक्रम हो । सन् १९९६ जनवरी १ देखि यो कार्यक्रम शिक्षा मन्त्रालय अन्तर्गत खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति न्यून देखिएका जिल्लाहरुका समुदायका बालबालिकाहरूलाई शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने तथा बिद्यार्थीको स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउने उद्देश्यका साथ १० वटा जिल्लाहरूका छनोट गरिएका गाविसमा पर्ने प्राथमिक विद्यालयका बालबिकास केन्द्रहरूमा सञ्चालित छ । यस कार्यक्रम अन्तर्गत प्रतिदिन प्रतिबिद्यार्थी ९० ग्राम पिठो, १० ग्राम चिनी र १० ग्राम घ्यूबाट बनेको दिवा खाजा उपलब्ध गराइने व्यवस्था गरिएको छ । दिवा खाजा कार्यक्रम अन्तर्गत १० जिल्लाका २७२ गा.वि.सका ११२३ वटा बालविकास केन्द्र र १६३५ प्राथमिकबिद्यालयका १९४००० बालबालिकाहरूलाई प्रतिदिन प्रतिविद्यार्थी ११० ग्रामका दरले खाजा खुवाउने व्यवस्था छ । यस कार्यक्रमबाट कार्यक्रम सञ्चालित विद्यालय क्षेत्रभित्रका सम्पूर्ण बालबालिकाहरूलाई लाभ लिई कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउनु हुन 'शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना' हार्दिक अनुरोध गर्दछ । यो कार्यक्रम लागु भएका जिल्लाहरु निम्नानुसार छन् ।

दिवा खाजा कार्यक्रम सञ्चालित जिल्लाहरु :-

दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ्ग, बाजुरा, अछाम, डोटी, दैलेख, जाजरकोट र रुकुम ।

**शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना**

सम्पर्क नं. : ०१-४४३१८५३, ४४३१८९५ ४४३२३११ र फ्याक्स नं. : ०१-४४३०६५०

# मनको तितो पोख्नु पर्ने बाध्यता



■ अनिल योगी

राष्ट्रको राष्ट्रिय राजनीति यतिसम्म बिकृत भयो कि हाम्रा बुद्धिले यो राष्ट्रलाई अब सम्हाल्न र सहज मार्गमा लैजान सकिँदैन । यो राष्ट्रलाई सुन्दर बनाउन सक्ने हामीसँग बलिया पाखुरा भएका मेहनती युवा र आम जनता असरल्ल बेरोजगार भएर बसेका छन् यात बिदेशी भूमिमा आफ्नो रगत र पसिना बगाइरहेका छन् । त्यो जनशक्तिलाई यो राष्ट्रको उत्थानका निमित्त योजनाबद्ध ढङ्गले काममा लगाउने हामीसँग राजनीतिक नेतृत्व छैन । पूर्खाहरूले यो देशलाई कसरी निर्माण गरे र जोगाएर आजसम्म राखे भन्ने बिषयमा न्यूनतम जानकारी पनि राख्न नसक्ने र नचाहने हावामा दौडिने आजको पुस्तासँग हामी नेपालीहरू यो राष्ट्रको भविष्य खोजिरहेका छौं । हामी नेपालीहरू आफ्नै देशप्रति यति उदास र गैरजिम्मेवार बन्दैछौं कि हाम्रा लागि देश मरोस् हामी मात्र जसरी पनि बाँच्नुपर्छ भन्ने भावनाले काम गरिरहेको छ । यति कमजोर राजनीतिक चिन्तन भएको जनता र आफ्नै देशप्रति बेइमानी गर्ने राजनीतिक नेतृत्वबाट शासित भएर बाँच्नु यो देशमा बस्नु एक सचेत नागरिक जीवनका लागि दुर्भाग्य नै हो ।

बिश्व राजनीतिक अवस्था परिवर्तन हुँदै गर्दा यो देशको राजनीतिक नेतृत्व परिवर्तन हुन चाहेन यात सकेन । पुराना संस्थाहरूलाई बिना कुनै आधार तहसनहस पार्ने काममा यो देशको बहालवाला राजनीतिक नेतृत्व उद्धत त भयो तर नीति र विधिको नयाँ राजनीतिक व्यवस्था स्थापना गर्ने काममा हाम्रो राजीतिक नेतृत्व असफल साबित भयो । यो राष्ट्रको निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देशभित्रको राजसंस्था र राजालाई हाम्रो राजनीतिक नृतृत्वले बैरी जस्तै ठान्यो तर बाह्यशक्तिसँग कुम जोडेर हिड्नुमा गौरवान्वित भयो । हाम्रो राजनीतिक नेतृत्वको राजनीतिक संस्कार र सभ्यताले देशको प्रगति र जनताको उत्थान हुँदै गरेको भए पाखण्डीहरूप्रति इंगित गरेर मनको तितो पोख्नु पर्ने बाध्यता नै आउने थिएन । मैले मेरा बालबच्चा, परिवार र समाजलाई असल मार्गमा लैजान सक्दैन भने मलाई मेरो परिवारले अविभावक मानिराख्न सक्दैन र मान्नु पर्ने बाध्यता पनि हुँदैन । यो नेपालीको सामाजिक नीति र धर्म हो । स्वधर्मका आधारमा समाज र देशलाई सहज हुने मुलबाटोमा हिड्नका लागि संविधान बनाइराख्नु पर्दैन । मुर्खहरूलाई कुनै पनि देशको संविधानले सज्जन बनाउन सकेको छैन ।

लाखौं-करोडौं जनतालाई मिलाएर देश बनाउनु र राष्ट्रको रक्षा गर्नु सहज र चानचुने कुरा होइन । त्यो काम केटाकेटीको जस्तो बुद्धि हुनेहरूले गर्ने बिषय पनि होइन । यदि त्यसो हुँदो हो त नयाँ नेपाल नारामा सीमित हुने थिएन । त्यसका लागि निश्चित योग्यता र राजनीतिक क्षमता आवश्यक सर्त हो । यो देश निर्माण गर्ने पुर्खाहरूलाई सराप्नु र देशमा भाँडभैलो मच्चाउनु राजनीतिक योग्यता हुन सक्दैन । हाम्रा राजनीतिक दलका नेताहरूले समाजलाई चिराचिरा पार्ने काम गर्नुलाई लोकतन्त्र वा प्रजातन्त्रको सुन्दर पक्ष हो भन्ने ठानिरहेका छनरा । एउटा सचेत नागरिकले यो मुर्खतापूर्ण कामलाई सहजै स्वीकार गर्न सक्दैन । आफनो निहीत स्वार्थका लागि जनताको खुन खराब गरेर देशलाई मास्ने शासकहरू दुनियाँमा नालायक साबित भएका छन् । परिवर्तनका नाममा नेपाली जनतालाई राजनीतिक दलका नेताहरूले बारम्बार ढाँटिरहेका छन् । दलका नेताहरू र तिनका साखासन्तानको जीवनशैली बदल्नका लागि राष्ट्र र जनताले कतिपटक मर्ने भन्ने बिषयमा बहसको थालनी गर्नु आवश्यक ठानिएको छैन ।

देशलाई कमजोर पार्दै, जनतालाई विभाजन गरेर आफ्नो स्वार्थ पूरा गर्न उद्धत अत्यन्तै स्वार्थी र षड्यन्त्रकारी भूमिका खेल्न सक्ने र आफूलाई सचेत नागरिक भन्न रूचाउने हरेक समुदायको उपल्लो वर्गले जनताकासामु आफूलाई फगत प्रजातन्त्र वा लोकतन्त्रको पक्षपातिका रूपमा उभ्याउन सफल भएको छ । तर तिनीहरूका कुकर्मले अमूर्त व्यबस्था बद्नाम भएको बिषयप्रति कसैले हेक्का राखेको छैन । हरेक क्षेत्रमा पक्षपाति व्यवहार र कार्यशैली अपनाउनेहरू लोकतन्त्रका रक्षक भएर आफूलाई समाजका सामु उभ्याउन कसरत गरिरहेका छन् । तर तिनका कर्मले स्वयम् उनीहरूको अस्तित्व र राजनीतिक बिरासत धरापमा परेको तिनीहरूलाई जानकारी हुन सकेको छैन । देशको बिरासत निहीत स्वार्थपूर्तिका लागि जुवाको दाउमा राख्नेहरू परिवर्तनका संवाहक भएर यो वा त्यो रूपमा राजनीतिको अग्रभागमा देखिएका छन् । लोकतन्त्रको आवरणमा अक्षम राजनीतिक नेतृत्वले अवचेतन नेपाली समाजको दुरूपयोग गरेर देशलाई निर्धक्कसँग पराधीन बनाइरहेको छ ।

यस्तो गौरवान्वित देशमा जन्मिन पाउने हामी नेपालीहरूलाई यसरी निरिह प्राणी भएर बाँच्नुपर्ने बाध्यकारी अवस्था सिर्जना गर्ने दलका नेताहरूले आफूलाई लोकतन्त्रवादी भन्न अलिकति पनि लज्जाबोध गर्न सकिरहेका छैनन् । लोकतन्त्रको आवरणमा बिदेशीका आडमा दलका नेताहरूले नेपाली जनताका चाहाना, आकांक्षा र भबिष्य समेतलाई धुजाधुजा पार्ने काम गरे । त्यो कुकर्मलाई सहज रूपमा स्वीकार गर्न सकिएन, अथवा बिरोध गरियो भने पश्चगमनकारीको आरोप लगाउने दलका नेताहरूको प्रवृति अहिले पनि हटेको छैन । देशको अवस्था र जनताको दैनिकी दिनप्रतिदिन ओरालो लागिरहेको छ । मानिसहरू दिनदहाडै अपहरण हुन्छन्, मारिन्छन्, निर्दोष जनताले अपराधीले मागे अनुसारको फिरौति तिरेर बाँच्नुपर्ने अवस्था बिद्यमान छ । यस्तो जटिल अवस्थाबाट राष्ट्रलाई सहजतामा ल्याउनका लागि राष्ट्रको मुल कानुन बनाउने कुरामा दलका नेताहरूबाट सामुहिक प्रतिबद्धता आउन नसक्नु उनीहरूको चरम असफलता हो । त्यो असफलता र अक्षमताबाट सहज राजनीतिक मार्गमा ल्याउन सकारात्मक दबावका माध्यमबाट आफ्ना नेताहरूलाई दबाव दिनेकाम दलीय बुद्धिजीवि र तिनका कार्यकर्ताहरूबाट हुन सकिरहेको छैन ।

कुनै पनि राष्ट्रको राष्ट्रिय राजनीतिले रचनात्मक र व्यवस्थित ढङ्गले अगाडि बढ्ने राजमार्ग तय गर्न सकेन भने त्यो राष्ट्रले आफूलाई जीवन्त राख्न सक्दैन । आज नेपालको राजनीतिक अवस्थाले सचेत नेपालीलाई झस्काइरहेको छ । देशको भबिष्यसँग खेल्ने हाम्रो राजनीतिक नेतृत्वले यो देशको रक्षा गर्न सक्छ भनेर कसैले पनि भरोसा गर्ने अवस्था देखिएको छैन । हाम्रा पुर्खाहरूले सबै जातजाति, भाषाभाषी धर्म संप्रदायका मानीसहरूलाई मिलाएर बनाएको देश आज दलका नेताहरूले आफ्नो स्वार्थपूर्तिका खातिर बिभाजन गर्न खोजिरहेका छन् । नेपाली भएर बाँच्नुमा हामीलाई गर्व छैन । बिदेशीका दास भएर बाँच्न केही मानीसहरू लालायित भएर लागिरहेका छन् । आफ्ना बिवेकले यो राष्ट्र चलाउन पाउनुपर्छ भन्नलाई नेपालीहरू लाज मानिरहेका छन् । नेपालका सचेत नागरिक भन्नेहरूले यो देश कसैबाट बकस पाएको ठानिरहेका छन् जति सकिन्छ भोग्ने र नसक्दा छोडिदिने । देश बिनाको लोकतन्त्र कहाँ अडिन सक्छ ? यस्तो कमजोर राजनीतिक चेतनाले प्रजातन्त्रको मूल्य मान्यता र मर्म बुझ्न सक्दैन ।

नेपाल राष्ट्र नेपाली जनताको साझा सम्पत्ति हो । यो राष्ट्रको उत्थान गर्दै जनताले आफ्नो भबिष्य यही राष्ट्रभित्र खोज्ने हो । राजनीतिक दलका नेताहरूले आम नेपाली जनतालाई अत्यन्तै डरलाग्दा बिवादमा फसाइरहेका छन् । दलका नेताहरूले यो राष्ट्रप्रति जनताले भरोसा गर्ने वातावरण कसरी बनाउन सकिन्छ भन्ने कुरामा ध्यान दिन आवश्यक ठानिरहेका छैनन् । आफ्नो निहीत स्वार्थलाई केन्द्रमा राखेर गरिने दलका नेताहरूको राजनीतिले देश कमजोर बनिरहेको अवस्थाप्रति सचेत हुन नसक्ने परमुखापेक्षी प्रवृत्तिलाई त्याग्न हाम्रो राजनीतिक नेतृत्व तयार छैन । विश्व राजनीतिक रङ्गमञ्चमा हाम्रो कमजोर राजनीतिक नेतृत्व अत्यन्तै भद्धा तरिकाले सबैको खेलौना मात्र बनिरहेको छैन देशलाई बद्नाम गराइरहेको छ । बिगतमा हामी नेपाली हुनुमा जुन प्रकारको मर्यादा थियो आज त्यो प्रकारको मान मर्यादा हामीलाई कसैले गर्नेवाला छैन । हाम्रो राष्ट्रिय राजनीतिलाई बिदेशीले व्यवस्थापन गरिरहेका छन् ।

अबको आउने पुस्ताले आजका मितिसम्म भएको राजनीतिक बेइमानीको हिसाबकिताब हामीसँग माग्ने छन् । हामी यो देशप्रति जिम्मेवार छौं भने र यो देशको राजनीतिक नेतृत्व देश र जनताप्रति जिम्मेवार छ भने नेपाली जनतालाई उचित जवाफ कुनै पनि समयमा दिनु पर्नेछ । हामीले समाजलाई कस्तो बनाउँदै छौं, राष्ट्रको अवस्था कसरी लथालिङ्ग र भताभुङ्ग पार्दैछौं भन्ने बिषयमा हामीलाई हेक्का हुन सकिरहेको छैन । तर नेपाली जनताले राजनीतिक दलका नेताहरूका गतिविधि र समाजका सचेत नागरिक भन्नेहरूका क्रियाकलापका बिषयमा सहज रूपमा जानकारी राखिरहेका छन् । राजनीतिक दलका नेताहरूले राष्ट्रलाई उन्नतिको मार्गमा लैजाने प्रयाससम्म गरेको देखिएको छैन । निरन्तर जनतालाई यो वा त्यो आन्दोलनमा सहभागी गराउने दलका नेताहरूले जनताको भावना अनुसार काम गर्न सकिरहेका छैनन् । दलका नेताहरूलाई जनताले आफ्नो हर्कत बुझ्न सकेका छैनन् भन्ने लागेको हुनसक्छ । फगत राजनीति गर्नेहरूभन्दा नेपाली जनता जान्नेसुन्ने भएका छन् भन्ने कुरा नेताहरूले बुझ्न चाहेका छैनन् ।

*yogianil20@yahoo.com*

---

# दलित र हिन्दु धर्म

***डकबहादुर विश्वकर्मा***

गुल्मी जिल्लाको दरबार देवीस्थान गाविस-९ राक्सेडाँडामा गाविस एवं छिमेकी अर्घाखाँची जिल्लासमेतका दलित तथा गैरदलित मिली चन्दा उठाएर करिब साढे चार लाख रूपैयाँको लागतमा गतवर्ष बनाएको मालिका मन्दिरमा यही ०७० मंसिर ९ गते आइतबारका दिन गोकर्ण नेपालीको नेतृत्वमा स्थानीय दलित पसेर पूजा गरी धूपध्वजा चढाउँदा 'अछुत जातले परम्परा तोडी मन्दिरमा पसेर अपवित्र पारेको तथा सामाजिक शान्ति खल्बल्याएको' भन्दै अशोक थापा र मन्दिर व्यवस्थापन समितिका अध्यक्ष डिल्लीराज आचार्यको अगुवाइमा स्थानीय बाहुन-क्षेत्रीलगायत गैरदलितले कडा विरोध गर्नुका साथै भविष्यमा यस्तो दोहोरिएमा ती दलितलाई रूखमा झुन्ड्याएर मार्ने धम्की दिएको प्रकाशित खबरले नेपाली दलित आक्रान्त बनेका छन् । पीडित दलितको गुहारपछि घटनास्थल पुगेका सञ्चारकर्मीसँग उत्पीडक-नाइके अशोक थापाले उल्टै 'गोकर्णेलाई सम्झाइदेऊ भाइ ! नत्र जे पनि हुन सक्छ' भन्नुले पनि स्थितिको गाम्भीर्यलाई प्रस्ट्याउँछ । 'एकैचोटि समानता गर्न सकिँदैन, क्रमैसँग हुने कुरो हो, यो कुरा बाहिर ल्याउनु हुँदैन, हामी आफैँमा मिल्नुपर्छ' भन्ने डिल्लीराज आचार्यको भनाइले घटनालाई दबाउन खोजेको पनि देखिन्छ ।

दलितलाई सताउने यस्ता घटना देशभर दिनहुं अनगिन्ती घटिरहेका छन् । सञ्चारकर्मी कसैले पीडितउपर दयादृष्टि राखेर प्रकाशमा ल्याइदिए मात्र जगजाहेर हुन्छन्, अन्यथा झन्डै ९० प्रतिशत घटना त्यसै दबेर गएका छन् । प्रकाशमा आएकै घटना पनि पीडक पक्षको डरत्रासका कारण स्वयं पीडितले नै कारबाही अगाडि बढाउन नचाहेर बीचैमा सेलाइन्छ । उदाहरणार्थ- बाजुरा जिल्लाको बुढीनन्दामा लाग्ने वार्षिक मेला सन्दर्भमा ०७० सालको जनैपूर्णिमा मेलाको सुरक्षार्थ खटिएको प्रहरी टोलीका प्रज जनक विकलाई डेढ दिनको ठाडो उकालो पार गरी चरीदह भन्ने निर्जन ठाउँमा पुगिसकेपछि त्यहीं भेट भएका बुढीनन्दा जाने तीर्थालुसहितका पुजारी श्रीलाल बोहराले 'अछुत जातले मेला अवधिभर मेलास्थल टेक्न हुँदैन । अतः प्रहरी भए पनि जनक विक त्यहाँ जान पाउँदैन, यदि निज जाने भए आफूहरूले मेला र यात्रा स्थगित गर्ने' भनी धम्क्याएको र त्यसमा आफ्नै प्रहरी टोलीले पनि समर्थन जनाई आफूलाई एक्लै छाडेर अगाडि बढेकाले त्यो निर्जन क्षेत्रमा आफू असुरक्षित भई रात गुजार्नु परेको उजुरी प्रज विकले मार्तन्डीमा आई प्रमुख जिल्ला अधिकारी र सञ्चारकर्मीसमक्ष गरे । समाचार प्रकाशित भएपछि प्रहरी टोलीका प्रमुख असइ शेरबहादुर चन्दउपर कारबाहीको सम्भावना देखिनासाथ भित्रभित्रै यस्तो चक्कर चल्यो कि घरपायक मिलेको आफ्नो जागिरमा आपत आउने डरले प्रज जनक विक बोल्नै छाडे । फलतः यसबारे कारबाही अघि बढाउन कम्मर कसेका दलित नेतृत्वलाई प्रमाणको अभाव हुन जाँदा विभिन्न राष्ट्रिय सञ्चारमाध्यममा ३/४ दिनसम्म लगातार चर्चामा आइसकेको भए पनि त्यो कुरो त्यसै सेलाउन बाध्य भयो ।

०७० सालको तिजमा गुल्मी तम्घासको मन्दिरमा पंक्तिबद्ध श्रद्धालु महिलालाई टीका लगाइदिने क्रममा पुजारीले दलित महिलालाई देख्नासाथ टीका नलगाई टाढाबाट फालिदिए । यो विवाद सिडिओसम्म पुग्यो । आखिरमा छल र बलको फल निकालियो, जसअनुसार अब पुजारीले कसैलाई नछुने, टीका पनि नलगाइदिने, मन्दिरबाहिर टपरीमा राखिएको टीको सबै श्रद्धालुले आ-आफैं लगाउने मत्स्य निर्णय गरियो ।

यस्ता केही पुराना चर्चित घटना पनि हेरौँ- रूपन्देही जिल्लाको सौफर्साटिकर गाविस-१ मा, स्थानीय दलित युवा विस ०५५ सालको तिहारमा भैलो खेलेर संकलित रकमले गाउँमा केही गर्ने विचार गर्दा छिमेकी सवर्णसमेतको रायले त्यसमा थप चन्दा सबैबाट उठाई, निर्माण गरेको दुर्गा मन्दिरमा ०५६ सालको दसैं अवसरमा निर्माता दलित अविराम विश्वकर्मा र पदमबहादुर विश्वकर्माको अगुवाइमा सक्रिय भई नौ दिनसम्मको दुर्गापुजा गर्न लागे । त्यो कुरा छिमेकी बाहुन-क्षेत्रीलाई पटक्कै मन परेन । विवाद मिलाउन बैठक बसेका वेला सहभागी एउटा गुरूङले कसैको इसारामा चिर्पट दाउराले एकजना दलितको खप्परमा बजायो र रगतपच्छे पारी ढलायो । कुरो प्रहरी हुँदै सिडिओसमक्ष पुग्यो । यो लेखक पनि सम्मिलित त्यो छलफलमा सवर्णहरूले दलितसँग मिलेर पूजाआजा गर्न किमार्थ मानेनन् । उल्टो सबै मिली फेरि पैसा उठाई, आफ्ना लागि छुट्टै मन्दिर बनाइनुपर्ने माग राखे । प्रशासनले उनीहरूको कुरालाई घुमाएर समर्थन गर्न खोजेपछि दलितले पनि देशको बँटवारा नभई छुट्टै मन्दिर बन्न नसक्ने, यदि त्यसैकारणले सवर्णहरूले अर्को मन्दिर बनाएमा हिन्दुका नाताले त्यसमा पनि आफूहरू भित्रै पसेर पूजा गर्ने र बलिदान हुन सधैं तयार रहने अडान लिए । अन्ततः प्रशासनले विवाद मिलाउन सकेन, सवर्णहरूले त्यो मन्दिर नै त्यागे । तथापि, छुट्टै मन्दिर पनि बनाएका छैनन् ।

यसैगरी दलितहरू पूर्वसभामुख दमननाथ ढुंगानाको अगुवाइमा ०५७ सालमा र मानवाधिकारवादी पूर्णप्रकाश यात्रीको अगुवाइमा ०५८ सालमा गरी दुईपटक डोटीको शैलेश्वरी मन्दिरमा प्रवेश गर्न खोज्दा भएको झगडा, ०५५ सालमा तनहुँको थानीमाई मन्दिरमा र ०६१ जेठमा कैलालीको लालपुरस्थित चण्डेश्वरी भगवती मन्दिरमा प्रवेश गरी पूजा गर्न खोज्दा भएको लडाइँ, पत्रकारद्वय रणेन्द्र बराली र खगेन्द्र संग्रौलाको अगुवाइमा चितवनको लक्ष्मीनारायण बेंकटेस मन्दिरमा प्रवेश एवं पूजा गर्न खोज्दा ०६१ मंसिरमा भएको लडाइँ, पाल्पा तानसेनको भगवती मन्दिर र बाग्लुङको कालिका मन्दिरमा भएका त्यस्तै झगडा नेपालका विगत र वर्तमानका चर्चित लडाइँ झगडा हुन् । चर्चामा आउने मौका नपाएका यस्ता झगडा र मारपिट गनिनसक्नु छन् र अचेल बढ्दो क्रममा छन् । जतिजति दलितले अक्षर चिन्दै छन्, उतिउति आफ्नो अधिकार र समानताको खोजी गर्दै छन् । अब पनि हिन्दु समाज र त्यसका निर्देशकले दलितप्रतिको परम्परागत भेदभाव र अत्याचारलाई रीतिथिति संरक्षणको नाममा कायमै राख्न चाहन्छन् र जिम्मेवार निकायबाट यसमा ध्यान दिइँदैन भने निकट भविष्यमा यो समस्याले छिमेकी देश भारतमा वेलाबखतमा भइरहने साम्प्रदायिक दंगाजस्तै बिकराल रूप लिन बिथिबेर लाग्नेछैन । देशको सामाजिक अवस्था यस्तो हुँदा पनि विश्व हिन्दु परिषद् वा विश्व हिन्दु महासंघ भने राणाकालमा झैं जबरजस्ती दलितलाई हिन्दु धर्मानुयायी गनेर नेपालमा ९३ प्रतिशत जनता हिन्दु भन्नमा मख्ख छ र 'स्वधर्मे निधनम् श्रेय परधर्मः भयावहः' भन्दै धर्मान्तरणको कडा विरोध गरी नेपालमा हिन्दु राष्ट्रको पुनरूत्थान हुने दिवास्वप्न देख्दै छ ।

यदि दलितलाई हिन्दु धर्ममै जमाएर राख्ने हो र देशैभरि चलिरहेको छुवाछुत विषयक लडाइँ झगडा साम्य पार्ने हो भने अब महासंघले पुरानो मानसिकता च्यात्तै छोडी जहाँजहाँ छुवाछुत वा जातीय विभेदको झगडा देखिन्छ, त्यहाँ तुरून्त हस्तक्षेप गरी विदेशी विधर्मी जोसुकैलाई पनि आफ्नै सजातीयसरह सर्वस्वीकार गरिरहेको हिन्दु समाजलाई सम्झाई दलितलाई पनि त्यसैगरी सर्वस्वीकार्य गर्न/गराउन पहल गर्नुपर्छ । अन्यथा हिन्दु समाजमा ऐले 'छोरीले भन्छे माइती ! माइती !!, माइतीले भन्छ किन आइती ?' को स्थितिमा हेपिएका दलित 'यस्मिन् धर्मे नसम्मानो नप्रितिर्नच बान्धवा । न च विवेकगम कश्चिद् न तत्र दिवसं वसेत्ः' भन्दै आफ्नो मानसम्मान कत्ति नगर्ने हिन्दु धर्मलाई त्यागेर सामूहिक रूपमा अन्य धर्ममा जानेछन् र कसैले रोक्न सक्नेछैन ।

**दलितलाई सताउने यस्ता घटना देशभर दिनहुँ अनगिन्ती घटिरहेका छन् । सञ्चारकर्मी कसैले पीडितउपर दयादृष्टि राखेर प्रकाशमा ल्याइदिए मात्र जगजाहेर हुन्छन्, अन्यथा झन्डै ९० प्रतिशत घटना त्यसै दबेर गएका छन् ।**

# पहिले मूलभूत विषयमा सहमति

*लक्ष्मण शाही*

नेपाली जनताले मुलुकमा अग्रगामी नयाँ संविधान चाहेका छन् । राष्ट्रिय सरोकारको विषय 'नयाँ संविधान' लेख्नका निम्ति ४ मंसिरमा सम्पन्न संविधानसभाको दोस्रो निर्वाचनले ताजा जनप्रतिनिधि पनि चुनिसकेको छ । हामीलाई चाहिएको अग्रगामी संविधान निर्माणका लागि उपलब्ध माध्यममध्ये सबभन्दा उत्तम उपाय संविधानसभा हो । संविधानसभा निर्वाचन सम्पन्न भएपछि यसले नयाँ संविधान दिन्छ या दलहरूको खिचातानीका कारण पहिलो संविधानसभाजस्तै असफल हुन्छ भन्ने बहसले व्यापकता पाएको छ । जनताका अधिकार स्थापित गर्नका लागि दोस्रो संविधानसभालाई पहिलेजस्तै विनाउपलब्धि मर्न दिनु हुँदैन, जसरी पनि सबै मिलेर सफल बनाउनैपर्छ, त्यसका लागि जनस्तरबाट राजनीतिक दललाई दबाब दिन आवश्यक छ ।

संविधानसभा एउटा कागजमा संविधान लेख्ने प्राविधिक प्रक्रिया मात्र होइन, परिवर्तनका कार्यसूचीसँग स्पष्टसँग गाँसिएको विषय पनि हो । ०६२-६३ को युगान्तकारी जनआन्दोलनसँगै परिवर्तनका मुख्य तीन मुद्दा सतहमा आएका थिए- गणतन्त्र, संघीयता र धर्मनिरपे□ता । यसलाई संस्थागत गर्ने काम परिवर्तन प□धर लोकतान्त्रिक संविधानले मात्र गर्न सक्छ । तसर्थ संविधानसभालाई जनआन्दोलनको भावनाअनुरूप सफल पार्न आवश्यक छ ।

हामी प्रायः राजनीतिक दुर्गतिको समग्र दोष नेतालाई दिने गर्छौं, दलहरूले राम्रो काम गरेनन् भनेर गाली गर्छौं । निश्चय पनि विगतमा नेता र दलले अनगिन्ती गल्ती गरे । उनीहरूमध्ये धेरैले यसलाई स्वीकारसमेत गरिसकेका छन् । नेता र दलले पनि पहिलो संविधानसभामा भए गरेका त्रुटि र कमजोरी सच्याउँदै चाँडोभन्दा चाँडो संविधान जारी गरेर राष्ट्रलाई निराशाको सागरबाट बाहिर निकाल्नुपर्छ । बिर्सनु हुँदैन, संविधानसभाको यो दोस्रो प्रयोग अन्तिम पनि हो । त्यसैले यसलाई सबैले सफल पार्नैपर्छ ।

पहिलो संविधानसभा संविधान निर्माणका विषयवस्तुले भन्दा सरकार बनाउने र फाल्ने विषयले प्राथमिकता पाउँदा असफल भएको सबैसामु जगजाहेर छ । यो संविधानसभा पनि त्यही विषयवस्तुबाट ग्रसित हुने औपचारिक रूपमा संविधानसभा गठन भइनसक्दै प्रमुख दलबीच देखिएको सत्ता साझेदारीका लागि सुरू भएको जोड-घटाउ र वादविवादले देखाउँछ । अझै निर्वाचन आयोगले समानुपातिकतर्फको तीन सय ३५ सदस्यको अन्तिम नामावली प्रकाशित गरिसकेको छैन । तर, दलहरु सरकार निर्माणका लागि गठबन्धनको प्रयासमा जुटिसकेका छन् । राज्यको दैनिक आवश्यकता परिपूर्ति गर्नका लागि पनि सरकार चाहिन्छ । तर, त्यसलाई नै बार्गेनिङको बिन्दु बनाउनु संक्रमणकाललाई लम्ब्याउनु मात्र हो । त्यसको उदाहरण अघिल्लो संविधानसभा बनेको छ । त्यति मात्र होइन, अहिले निर्वाचनको प्रत्यक्षतर्फको मत परिणाम सार्वजनिक भएलगत्तै राजनीतिक दलबीच राष्ट्रपति परिवर्तन गर्ने वा नगर्ने कुरामा ठूलो चर्काचर्की चलिरहेको छ । उनी संविधान निर्माणको विषय ओभेलमा पर्ने गरी राष्ट्रपति र उपराष्ट्रपतिको मुद्दामा अल्भिएका छन् ।

संविधानसभाको दोस्रो निर्वाचनबाट पहिलो पार्टी बनेको नेपाली कांग्रेसले राष्ट्रपति परिवर्तन गर्न नहुने र दोस्रो बनेको पार्टी नेकपा एमालेले परिवर्तन गर्नुपर्ने धारणा अघि सारिरहेका छन् । नेपालको अन्तरिम संविधान ०६३ मा राष्ट्रपति परिवर्तनसम्बन्धी व्यवस्था उल्लेख छैन । अहिलेको जनचाहना नयाँ संविधान हो, राष्ट्रपति परिर्वतन होइन । तसर्थ राष्ट्रपतिसम्बन्धी विवाद कम्तीमा संविधान निर्माण नहुन्जेलसम्म सत्ता साझेदारीका निम्ति 'बार्गेनिङ'को विषयका रूपमा अगाडि ल्याइनु हुन्न । नयाँ संविधान बनाउने वेला अन्तरिम संविधान संशोधन गरेर सत्ताको बखेडा झिकिएमा फेरि पनि संविधान नबन्न सक्छ । सत्ताको खेलबाट यो 'हाउस' पनि प्रभावित हुन्छ, फलस्वरूप अघिल्लो संविधानसभा जस्तै असफल बन्न पुग्छ ।

संविधानसभामा पहिलो र दोस्रो भएका दलबीचको सत्ताको यो रस्साकस्सीले ६ वर्षदेखि कचल्टिएको संविधानलेखन कार्यमा फेरि विलम्ब हुने जोखिम छ । यी दुई दलबीच सत्तासाझेदारी र ताजा जनादेशअनुसार संविधानका केही मूलभूत विषयमा सहमति नभएसम्म संविधान लेखनकार्य बढ्न सक्दैन । संसारकै उत्कृष्ट समावेशी मानिएको अघिल्लो संविधानसभाले थप दुई वर्ष आफ्नो आयु आफैँले बढाउँदा पनि संविधान लेख्न सकेन । कारण, सत्ता साझेदारीसँगै संविधानका मूलभूत विषयमा सहमति जुट्न नसक्नु हो । सत्ता लुछाचुँडीका संकेत देखिनु भनेको फेरि पनि संविधान नलेख्ने प्रपञ्च सुरू हुनु हो । त्यो ख्याल राख्दै जनस्तरबाट मुख्य एजेन्डालाई दायाँबायाँ नगर्न राजनीतिक दललाई दबाब दिन आवश्यक छ ।

संविधानसभाबाट पहिलो भएको नेपाली कांग्रेस, दोस्रो भएको नेकपा एमाले, तेस्रो भएको एनेकपा माओवादीलगायत प्रमुख दलले आफ्ना चुनावी घोषणापत्रमार्फत एक वर्षभित्रमा संविधान लेखिसक्ने प्रतिबद्धता मतदातासम□ गरेका छन् । उनीहरु यतिखेर सत्ता साझेदारीको विवादमा अल्भिए भने मतदातासामु गरिएका ती वाचा-कबुल पूरा गर्न सक्नेछैनन् । संविधानसभामा पहिलो संविधानसभाकै दृश्य मञ्चन हुनेछ ।

एक वर्षभित्र संविधान निर्माण गर्न पहिला मुख्य दलबीच मूलभूत विषयमा सहमति बनिसक्नुपर्छ । 'छलफल पनि गर्दै जाऔं, विवाद पनि टुंग्याउँदै लैजाऔं' भन्ने पाराले अघि बढ्ने हो भने फेरि पनि संविधान बन्दैन । पहिलो संविधानसभाले टुप्पोबाट संविधान लेख्न थालेकाले असफल भएको हो । सफल हुनका लागि अब फेदबाट संविधान लेख्न थाल्नु अपरिहार्य छ । सर्वप्रथम कुन सिद्धान्तअनुरूप संविधान लेख्ने हो, त्यसमा मुख्य राजनीतिक दलबीच सहमति हुनुपर्छ । शासकीय स्वरूप र न्याय प्रणाली कस्तो हुने, कार्यकारी को हुने, लोकतान्त्रिक संविधान लेख्ने कि जनवादी, संघीयताको स्वरूप बहुपहिचानमा आधारित हुने कि एकल जातीय पहिचानमा आधारित हुने जस्ता मूलभूत विषयमा पहिल्यै सहमति गरी संविधानसभाको पहिलो बैठकबाटै त्यसलाई आधारभूत सिद्धान्तका रूपमा घोषणा गर्नुपर्छ । त्यसपछि तिनै विषयलाई आधारभूत सिद्धान्त मानेर संविधानको मस्यौदा लेख्न थालेमा संविधान बन्छ ।

पहिलो संविधानसभाले संविधानका मूलभूत सिद्धान्त तय नगरी काम गर्न सुरु गर्दा संविधान लेख्न नसकेको हो । तसर्थ, अब संविधान लेख्ने हो भने राजनीतिक दलबीच संविधानका आधारभूत सिद्धान्तमा पहिले सहमति हुनु आवश्यक छ । अनि मात्र संविधानसभाले त्यो सिद्धान्तलाई टेकेर संविधान लेख्न सक्छ । फेरि पनि पहिला आधारभूत सिद्धान्त तय नगरी संविधानसभाले काम सुरु गरेमा संविधान निर्माण नहुने निश्चितजस्तै छ । दलहरूले मतदातासामु एक वर्षभित्र संविधान जारी गर्छौं भनी जनाएको प्रतिबद्धता व्यवहारमा संविधान निर्माण गरेर देखाउन पहिला संविधान निर्माणका आधारभूत सिद्धान्तमा सहमति हुनैपर्छ । यसतर्फ सबैको ध्यान जाओस् ।

*(शाही नेपाल तरूण दलका नेता हुन्)*

# विद्युत् प्रसारण लाइन निर्माण सुरू

जनकपुर । नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाको ४ सय केभी प्रसारण लाइनको टावर निर्माण धनुषाको पुष्पलपुरमा सुरू भएको छ । प्रसारण लाइन ढल्केबरदेखि हेटौंडासम्म विस्तार गरिनेछ । विद्युत् प्रधिकरणका आयोजना निर्देशक गोपालबाबु भट्टराईले विद्युत् प्रसारण लाइनको टावर निर्माण शिलान्यास गरेका थिए ।

नेपाल सरकार, विद्युत् प्राधिकरण र विश्व बैंकको संयुक्त लगानीमा ४ सय केभी प्रसारण लाइनको पहिलो टावर धनुषाको पुष्पलपुरमा बनाइन लागेको हो । हेटौंडादेखि ढल्केबर हुँदै इनरूवासम्म करिब ८ सय ३० टावर निर्माण गरिनेछ । ठाउँअनुसार एउटा टावरको लम्बाइ ५२ देखि ७५ मिटर अग्लो हुने भट्टराईले जानकारी दिए ।

करिब १५ अर्ब रूपैयाँ लागतमा सम्पन्न हुने आयोजनाको प्रसारण लाइन लम्बाइ करिब २ सय ८५ किलोमिटर हुने उनले बताए । 'नेपाल सरकारको प्राथमिकताप्राप्त आयोजना भएकाले सकिएपछि नेपालभित्र र नेपाल-भारतबीच विद्युत्शक्ति आदानप्रदान गर्न सहयोग पुग्नेछ,' उनले भने ।

उनले यस क्षेत्रको औद्योगिक करिडोरका लागि यो आयोजना महत्वपूर्ण हुने दाबी गरे । आयोजनाले नेपाल-भारतको विद्युत् व्यापारमा समेत सघाउने उल्लेख गर्दै भट्टराईले भने, 'अहिलेसम्म भारतबाट करिब १ सय ५० मेगावाट विद्युत् आयात गर्न सकिने स्थिति रहेकामा आयोजना सम्पन्न भएपछि करिब १२ सय मेगावाट विद्युत् ल्याउन सकिनेछ ।'

ढल्केबर भिट्टामोड हुँदै भारत, बिहारको मुजफ्फरपुरसम्म निर्माणाधीन अवस्थाको प्रसारण लाइन सुरू भएपछि १२ सय मेगावाट विद्युत् आदान-प्रदान हुने उनले जानकारी दिए । प्रसारण लाइन निर्माण जिम्मा भारतीय ठेकेदार कम्पनी एआइएल एलटिबी जेभीले र आयोजना निरीक्षणको जिम्मा पावर ग्रिड इन्डियाले पाएको छ ।

## मोरङ अटोवर्क्सको बिक्री प्रवर्द्धन योजना

काठमाडौं । नेपालका लागि यामाहा जेनेरेटरको आधिकारिक विक्रेता एमए डब्ल्यू इन्जिनियरिङ प्रालिले ग्राहक सेवा-सुविधाका लागि नयाँ बिक्री प्रवर्द्धन योजना सुरू गरेको छ ।

कम्पनीका अनुसार यामाहा जेनेरेटरका विभिन्न मोडल खरिदमा 'सिओर सट स्क्र्याच' कुपन उपहार योजनाअन्तर्गत ५ हजारसम्म नगद उपहार, मोबाइल फोन, फ्री सर्भिस कुपन, यामाहा ल्युब तथा अन्य विभिन्न आकर्षक उपहार ग्राहकले पाउन सक्नेछन् ।

त्यस्तै, बम्पर पुरस्कारमा १ मेट्रिकटनको ट्रेन एसी राखिएको कम्पनीले जनाएको छ । कम्पनीले ग्राहक सुविधाका लागि शून्य प्रतिशत फाइनान्सको व्यवस्था गरेको जनाएको छ ।

## vjsb

### यू-१९ क्रिकेट टोलीको बिदाइ

काठमाडौं । एसियाली क्रिकेट परिषद् (एसिसी) यू-१९ एसिया कप क्रिकेट प्रतियोगितामा सहभागी हुन जाने नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई बिदाइ गरिएको छ । नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् समीक्षालयमा बुधबार सदस्यसचिव यूवराज लामाले बिदाइ गरेका हुन् ।

यही १३ पुसबाट संयुक्त अरब इमिरेट्स (युएई)मा सुरू हुने प्रतियोगितामा सहभागी हुन नेपाली टोली बिहीबार साँझ त्यसतर्फ प्रस्थान गर्ने कार्यक्रम छ । बिदाइमा सदस्यसचिव लामाले खेलाडीहरूलाई उत्कृष्ट प्रदर्शनका लागि शुभकामना दिए । 'नेपाली सिनियर राष्ट्रिय क्रिकेट टोलीले अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरिरहेको छ,' उनले भने, 'अबको नेपालको भविष्य युवा क्रिकेटरमै निर्भर छ, त्यसैले युएईमा राम्रो प्रदर्शनका लागि शुभकामना दिन चाहन्छु ।' प्रतियोगिता नेपाली टोलीका लागि अनुभव बटुल्ने राम्रो अवसर हुनेछ ।

यसपटकको यू-१९ राष्ट्रिय टोलीमा नयाँ खेलाडीको बाहुल्य रहेको छ । साथै सिनियर राष्ट्रिय टोलीले अन्तर्राष्ट्रिय प्रतियोगितामा गतिलो प्रदर्शन गरिरहेका वेला उमेर समूहको क्रिकेट ओरालो लागेको आरोप पनि लागेको छ । त्यसैले यस प्रतियोगिताले खेलाडीलाई अनुभव बटुल्ने तथा आफूलाई प्रमाणित गर्ने अवसर जुटाइदिएको छ ।

अर्को वर्ष युएईले नै आयोजना गर्ने आइसिसी यू-१९ विश्वकपका लागि 'वार्मअप' प्रतियोगिताका रूपमा यस प्रतियोगितालाई लिइएको छ । तर, नेपाल भने यसपटक विश्वकपका लागि छनोट भएको छैन । यसअघि तीनपटकको उपाधि विजेता नेपालले यसपटक भारत र पाकिस्तानलगायत टोलीसँग प्रतिस्पर्धा गर्दै छ । नेपाल रहेको समूह 'ए'मा भारत र पाकिस्तानसहित आयोजक युएई रहेको छ । अघिल्लोपटक स्तरीय प्रदर्शन गर्न नसकेको नेपाली टोली भारत र पाकिस्तानसँग भारी अन्तरले पराजित भएको थियो । समूह चरणको खेलमा नेपाल पाकिस्तानसँग ८ विकेटले पराजित भएको थियो भने भारतसँग डकवर्थ लुइस नियमका आधारमा ८१ रनले पराजित भएको थियो ।

जंगबहादुर थापामगरको प्रशिक्षण तथा भुवन कार्कीको कप्तानीमा रहेको नेपाली टोली यसपटक भने सुधारिएको प्रदर्शन गर्ने योजनामा छ । प्रशिक्षक थापामागर यसपटक टोलीले राम्रो प्रदर्शन गर्ने बताउँछन् । प्रतियोगिताका लागि नेपाली टोली सन्तुलित रहेको उनको भनाइ छ । 'यसपटक हाम्रो टोली सन्तुलित छ,' प्रशिक्षक थापामगरले भने, 'खेलाडीले क्षमताअनुसार प्रदर्शन गरे, नेपालले राम्रो नतिजा ल्याउनेछ ।'

उनी भारत तथा पाकिस्तानविरूद्धको खेलका लागि सजग रहेको बताउँछन् । 'हाम्रो टोली कमजोर छैन, केही अनुभवको कमी हुन सक्छ,' उनी भन्छन्, 'तर गत वर्ष केही कमजोरी हुँदा पराजित भएका थियौं, यसपटक हामी सचेत छौं ।'

यस्तै कप्तान कार्की पनि प्रतियोगितामा नेपालले उत्कृष्ट प्रदर्शन गर्नेमा ढुक्क देखिए । उनले नेपाली टोलीसामु उत्कृष्ट प्रदर्शन गर्न सक्ने क्षमता रहेको दाबी गरे । 'हाम्रो टोलीमा क्षमता छ, हामी उत्कृष्ट प्रदर्शन गर्न सक्षम छौं,' उनले भने, 'त्यसैले यसपटक उत्कृष्ट प्रदर्शन गर्नेमा विश्वस्त छौं ।'

नेपाली टोलीमा १५ खेलाडीसहित चार अधिकारीहरु समावेश छन् । यसपटक यू-१९ टोलीमा वैकल्पिकका दुई खेलाडीले पनि अवसर पाएका छन् । सोमपाल कामीले सीधै राष्ट्रिय टोलीमा स्थान पाएकाले उनी हाल आइसिसी एकदिवसीय विश्वकपको तयारीस्वरूप श्रीलंकामा छन् । यस्तै सुशील कँडेल घाइते भएकाले टोलीसँगै युएई भ्रमणमा जान पाएनन् । सोमपालको स्थानमा सुसन भारी तथा सुशीलको स्थानमा राहुलप्रताप सिंहले स्थान पाएका छन् ।

### बलम्बुमा राष्ट्रव्यापी उसु सुरू

काठमाडौं । प्रथम बलम्बु कप राष्ट्रव्यापी खुला उसु प्रतियोगिता हुने सरू भएको छ । बलम्बु उसु क्वानको आयोजनामा हुने प्रतियोगितामा दुई सय ५० खेलाडीले ३१ स्वर्णका लागि प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ । प्रतियोगितामा पुरूष र महिलाको थाउलुतर्फ १७ तथा सान्सौंतर्फ १४ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ । तीन दिनसम्म चल्ने प्रतियोगिताका खेलहरु बलम्बुमा हुनेछन् ।

### नमुना सेमिफाइनलमा

काठमाडौं । आयोजक नमुना इंग्लिस स्कुलको 'ए' टोली दशौं उपत्यकाव्यापी अन्तरविद्यालय नमुना रनिङ सिल्ड भलिबल प्रतियोगिताको जुनियर पुरूषतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ । बुधबार लुभुस्थित घरेलु कोर्टमा नमुनाले आफ्नै 'सी' टोलीलाई २५-१२ र २५-१६ ले पराजित गऱ्यो ।

सिनियर पुरूषतर्फ अनन्त इंग्लिस स्कुलले नमुना 'बी' टोलीलाई २५-११ र २५-१२ ले पराजित गर्दै सेमिफाइनलमा स्थान पक्का गऱ्यो । सिनियर महिलातर्फ माउन्ट ओलिभले नमुना 'बी'लाई २३-२५, २५-१४ तथा २५-१५ ले पराजित गऱ्यो । यू-१९ पुरूषतर्फ क्यास्पियन कलेज क्वाटरफाइनलमा पुगेको छ । क्यास्पियनले माउन्ट ओलिभलाई २५-११ र २५-७ ले पराजित गऱ्यो ।

### विश्व गोजुकाई पदक विजेता सम्मानित

काठमाडौं । भारतको मुम्बईमा भएको छैटौं विश्व गोजुकाई कराते प्रतियोगिताका पदक विजेता खेलाडीलाई नेपाल गोजुकाई कराते डो संघले सम्मान गरेको छ ।

संघले बुधबार एक कार्यक्रम आयोजना गरी खेलाडीलाई सम्मान गरेको हो । गत ३० मंसिरमा भएको प्रतियोगितामा नेपालले १ स्वर्ण, २ रजत र ७ कास्य जितेको थियो । ३२ राष्ट्र सहभागी प्रतियोगितामा ३९ पुरूष तथा १० महिलासहित ४९ नेपाली खेलाडीले प्रतिस्पर्धा गरेका थिए । पुरूषको नौ वर्ष उमेर समूहमा निश्चल तामाङले नेपाललाई एक मात्र स्वर्ण दिलाएका थिए ।

# मानव खप्परसहित दुई बाबा पक्राउ

बर्दिया । बर्दिया जिल्लाको गुलरिया नगरपालिकाबाट एपीएफ टोलीले एउटा मानव खप्पर तथा हातको हड्डी ६ वटा सहित दुई जना बाबाहरूलाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारतको लखिमपुर जिल्लाको खिरी घर बताउने ५५ वर्षिय आँखे नाथ र सोही ठाउँ बस्ने ५० वर्षिय राजेन्द्र नाथ नामक दुई जना बाबाहरू छन् ।

उनीहरूलाई सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय बर्दियाबाट खटिएको एपीएफ टोलीले जाँच गर्ने क्रममा नेपालबाट भारततर्फ जाँदै गरेको अवस्थामा उक्त मानव खप्पर तथा हड्डीसहित पक्राउ गरेको हो । एपीएफ टोलीले पक्राउ परेका बाबाहरूलाई बरामद खप्पर तथा हड्डीसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाएको छ ।

त्यस्तै, रौतहट जिल्लाको भुनखुनुवाबाट एपीएफ टोलीले विभिन्न किसिमको लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा तनहुँ जिल्लाको घाँसीकुवा ५ बस्ने १९ वर्षिय कमल मगर र रौतहट जिल्लाको चपुर ६ बस्ने १८ वर्षिय निर्मश साह छन् । सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय रौतहटबाट खटिएको एपीएफ टोलीले त्यसठाउँमा जाँच गर्नेक्रममा गौरबाट काठमाडौंतर्फ आउँदै गरेको ना.३ ख ३७४४ नम्बरको गाडीमा सवार उनीहरूको साथबाट फेनारगन दुई सय ४९ वटा, नाइट्रोभेट ८४ वटा, ईमापोओक्सोभेन १६ वटा र सिरिञ्ज दुई वटा फेला पारेपछि उनीहरूलाई पक्राउ गरिएको हो । पक्राउ परेकाहरूलाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाइएको छ ।

त्यसैगरी कैलाली जिल्लाको धनगढी नगरपालिका ४ स्थित पुन्टेघाट इलाकाबाट एपीएफ टोलीले करीब तीन लाख २७ हजार रूपैयाँ बराबरको चौरीपैठारीको विभिन्न किसिमका इलेक्ट्रोनिक्स सामान बरामद गरेको छ । सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय कैलालीबाट गस्तीमा खटिएको एपीएफ टोलीले वेवारिसे अवस्थामा रहेको उक्त सामान बरामद गरेको हो ।

## /Elg va/



## पुस २६ मा बितेका पल

काठमाडौं । निर्देशक सुरज सुब्बा 'नाल्बो' निर्देशित नयाँ फिल्म 'बितेका पल'ले प्रदर्शन मिति तोकेको छ । राजेश घतानीले निर्माण गरेको बितेका पल २६ पुसमा राजधानी र मोफसलका हलमा एकसाथ प्रदर्शन हुने भएको छ ।

यसअघि 'बाटोमुनिको फूल'बाट चर्चा कमाएका निर्माता राजेश र निर्देशक सुब्बाको दोहोरिएको यो जोडीले बितेका पलको अधिकांश दृश्य दार्जिलिङमा सुटिङ गरेको थियो । केही दृश्य काठमाडौंमा पनि खिचिएको फिल्मका कार्यकारी निर्माता क्रिस रिजाल हुन् । फिल्ममा केकी अधिकारी, बाबु बोगटी र अविनाश गुरूङ प्रमुख भूमिकामा छन् । बिग प्रोडक्सनको ब्यानरमा बनेको फिल्मको कथा र गीत निर्माता राजेशले रचेका हुन् भने पटकथा र संवाद निर्देशक सुब्बाले लेखेका हुन् । फिल्म विपिन मल्लले एडिट गरेका छन् ।

रोशन लामाको संगीत रहेको फिल्मको यो जुनीको जीवनसाथी बोलको नयाँ गीत बुधबार सार्वजनिक गरिएको छ । निर्माता राजेशकी पत्नी जिना रसाइलीको स्वरमा रहेको यो गीतको कोरियोग्राफी निर्देशक सुब्बा आफैंले गरेका हुन् । विशुद्ध प्रेमकथामा निर्माण गरिएको बताइने फिल्मले दर्शकलाई पूर्ण मनोरञ्जन प्रदान गर्ने दाबी निर्देशक सुब्बाको छ ।

## हिन्दी फिल्म निर्देशन गर्दै सोभित

काठमाडौं । निर्देशक सोभित बस्नेतले हिन्दी फिल्म निर्देशन गर्ने भएका छन् । उनले निर्देशन गर्न लागेको फिल्मको नाम छ- मै वह नही । भारतीय कम्पनी लुवेना इन्फो मिडियाको लगानीमा लियाकत अली निर्माता रहेका फिल्मको सुटिङ जनवरी दोस्रै साताबाट सुरु हुने सोभितले बताएका छन् ।



पछिल्ला दिनमा होम प्रोडक्सन सलोन फिल्म्सको ब्यानरमा एउटा साथी फिल्म निर्माण गर्न लागेका सोभितको सो हिन्दी फिल्मको सुटिङ काठमाडौं र भारतको देहरादुनमा हुनेछ । 'धेरैजसो कलाकार र प्रविधिक बलिउडका र केही नेपाली हुनेछन्,' मंगलबार आफूले फिल्म साइन गरेको बताउँदै उनले भने, 'फिल्म सस्पेन्स लभस्टोरी आधारित हुनेछ । केही महिनाअघिदेखि तयारी चलिरहेको भए पनि मंगलबार मात्रै साइन भयो ।' मै वह नही पूर्ण रूपले हिन्दीमा हुने उनले बताए । 'पूरै हिन्दी फिल्म हो,' उनले भने, 'हाल स्क्रिप्टिङ भइरहेको छ । केही समयमै भव्य रूपमा मुहूर्त गरिन्छ ।' उनले एउटा साथीपछि मै वह नहीको सुटिङ सुरू गर्ने बताए । एउटा साथी मंसिर अन्तिमबाट फ्लोरमा जाँदै छ ।

## 'झोला' हेरेर रोए पोखरेली

कास्की । कृष्ण धरावासीको चर्चित कथा 'झोला'मा आधारित चलचित्र हेरेर पोखरेली दर्शक रोएका छन् ।

न्यान्डम रिडर्स सोसाइटी अफ नेपाल र मानवअधिकारका लागि महिला : एकल महिला समूहले संयुक्त रूपमा बुधबार पोखरामा आयोजना गरेको विशेष प्रदर्शनी हेरेर निस्किएका अधिकांश दर्शकले मन थाम्न नसकेर रोएको बताए । खचाखच भरिएको विन्ध्यवासिनी



चलचित्र मन्दिरको हलमा करिब ९० मिनेटको चलचित्र हेरेर निस्कँदा दर्शक भावुक भएका थिए ।

श्रीमान्को मृत्युपश्चात् श्रीमतीलाई समेत जिउँदै जलाइने सतीप्रथालाई चलचित्रको कथामा समेटिएको छ ।

चलचित्र प्रदर्शनीपछि आयोजकले अन्तर्क्रिया कार्यक्रमसमेत आयोजना गरेका थिए । कार्यक्रममा मानवअधिकारका लागि महिला : एकल महिला समूह पश्चिमाञ्चल अध्यक्ष दुर्गा न्यौपानेले चलचित्र चेतनामूलक रहेको बताउँदै महिलाविरूद्धका तमाम कुप्रथालाई अन्त्य गर्न विद्रोहको बिउ रोप्न सफल भएको प्रतिक्रिया दिइन् ।

सञ्चारकर्मी अमित रिजालले जीवनभन्दा पर जान खोज्दै बलिउड शैलीमा फिल्म बनाउने प्रवृत्ति तोडेर 'झोला' यथार्थ नजिक गएको बताए । 'प्रविधि र कलाको हिसाबले चलचित्र कोसेढुंगा बन्ने संकेत देखिएको रिजालको भनाइ थियो । चलचित्रका निर्देशक यादवकुमार भट्टराईले अहिलेको समयमा करिब १०० वर्षअगाडिको अवस्था पर्दामा देखाउन निकै मिहिनेत गर्नुपरेको बताए । सबै स्थानका दर्शकले सकारात्मक प्रतिक्रिया दिएको बताउँदै भट्टराईले भने, 'नेपाली चलचित्र नेपाली परिवेशमा बन्दैनन् भन्ने मान्यतालाई तोडेर फरक धारलाई स्थापित गर्ने प्रयास गरेका हौं ।'

## 'शंखघोष' विमोचित

सप्तरी । सप्तरीकी सञ्चारकर्मी करूणँ झाद्वारा लिखित निबन्धसंग्रह 'शंखघोष'को बुधवार राजविराजमा एक कार्यक्रमबीच विमोचन गरिएको छ ।

पुनरावेदन अदालत राजविराजका न्यायाधीश सारंगा सुवेदी र सप्तरीका प्रमुख जिल्ला अधिकारी हरिकृष्ण पौडेलले संयुक्त रूपमा निबन्धसंग्रहको विमोचन गरेका हुन् ।

विमोचन कार्यक्रममा साहित्यकार, पत्रकार, विभिन्न संघ-संस्थाका प्रतिनिधिसमेतको सहभागिता थियो । ३३ पृष्ठको उक्त निबन्धसंग्रहमा आशीर्वाद, सुहागरात, सामाजिक सिकार, मधेसको मन मसिहालाई खबरदारी पत्र, युवाका अभिभावकलाई निवेदन, शिषाविद्लाई सल्लाह, सहकारीलाई चिठी र एकताको शंखघोष शीर्षकका निबन्ध छन् । यसअघि लेखिका करूणँ झाको 'भगजोगनी' नामक मैथिली कवितासंग्रह साझा प्रकाशनले बजारमा ल्याएको थियो ।

## skf/6

## सानिमा बैंकको रक्तदान

काठमाडौं । सानिमा बैंकले सञ्चालनको दशौं वर्ष प्रवेश अवसरमा काठमाडौंस्थित मुख्य कार्यालय नक्सालमा रक्तदान कार्यक्रम सम्पन्न गरेको जनाएको छ । कार्यक्रममा बैंक कर्मचारी, ग्राहक तथा स्थानीयले रक्तदान गरेका थिए । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत रक्तदान आयोजना गरिएको बताएको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमका लागि यस वर्ष ६३ लाख छुट्याएको विज्ञप्तिमा उल्लेख छ ।

## आमाघरलाई मेगा बैंकको सहयोग

काठमाडौं । सोल्टीमोडस्थित दिलशोभा श्रेष्ठद्वारा सञ्चालित आमाघरलाई मेगा बैंक नेपालले ७ लाख रूपैयाँ सहयोग प्रदान गरेको छ ।

बैंकका सिइओ अनील केशरी शाह र संस्थापक प्रवर्द्धक श्रीप्रसाद बस्ताकोटीले संयुक्त रूपमा आमाघरका लागि समाजसेवी दिलशोभा श्रेष्ठलाई ७ लाख रूपैयाँको चेक हस्तान्तरण गरेका थिए । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उपलब्ध गराइएको रकमले आमाघरमा आश्रित वृद्धवृद्धालाई सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

## सिद्धार्थ बैंक शाखाको रक्तदान

काठमाडौं । सिद्धार्थ बैंकको वीरगन्ज शाखाले ११औं वार्षिकोत्सव अवसर पारेर रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

बैंक शाखाले नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार केन्द्र, पर्साको सहयोगमा रक्तदान गरेको हो । कार्यक्रममा बैंकको वीरगन्ज र कलैया शाखाका कर्मचारीसहित एक सय ५३ ले रक्तदान गरेको विज्ञप्तिमा उल्लेख छ ।

## एस बैंकको रक्तदान

काठमाडौं । एस डेभलपमेन्ट बैंकले उपत्यकामा रहेको रगत अभावलाई लक्षित गरी रक्तदान कार्यक्रम आयोजना गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आयोजना गरिएको कार्यक्रममा बैंक कर्मचारी तथा ग्राहकले रक्तदान गरेका थिए । रक्तदान कार्यक्रममा ग्रान्डी सिटी क्लिनिकबाट प्राविधिक सहयोग प्राप्त भएको बैंकले जनाएको छ ।

## काभ्रेपलाञ्चोक बचतको साधारणसभा

काभ्रे । बनेपामा रहेको काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संस्थाको १७औं स्थापना दिवस तथा १६औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभा उद्घाटन राष्ट्रिय सहकारी संघका केन्द्रीय अध्यक्ष केशव बडालले बुधबार गरेका हुन् ।

कार्यक्रममा अध्यक्ष बडालले गाउँमा छरिएर रहेको पुंजी सहकारीमार्फत संकलन गरी आर्थिक क्रान्तिमा रूपान्तरण गर्न सके मात्रै मुलुक आर्थिक रूपमा सबल हुने बताए ।

नेपाल बचत तथा ऋण सहकारी संस्थाका केन्द्रीय अध्यक्ष ऋषिराज घिमिरेले पुंजीलाई सहकारीमार्फत व्यवस्थित गराउन सके बेरोजगारी समस्या हट्ने दाबी गरे । साधारणसभा अवसरमा संस्थाले आव ०६९ ।७० मा १ करोड ६९ लाख ८२ हजार ४ सय ४४ रूपैयाँ आम्दानी गरी १ करोड ४१ लाख २१ हजार ६ सय ८० खर्च गरेको जानकारी दिइएको थियो ।

## कलर मोबाइलको नयाँ सेट

काठमाडौं । कलर मोबाइलले एक्स फ्याक्टर एक्स-२२ वेभ सिरिजको मोबाइल नेपाली बजारमा बिक्री सुरु गरेको छ । सुपर फास्ट फाइल ट्रान्सफर सिस्टम प्रविधि रहेको सेटबाट कुनै पनि ठूलो फाइल छिट्टै ट्रान्सफर गर्न सकिने कम्पनीको भनाइ छ ।

मोबाइल सेटमा एन्ड्रोइड ४.२.२ इन्चको जेलिबिन अपरेटिङ सिस्टम र एक गिगाहर्जको ड्युल कोर प्रोसेसर रहेको छ । दुई सिमकार्ड एकैपटक चलाउन मिल्ने सेटमा युएसबी केबल र ६ महिने वारेन्टी रहेको कम्पनीको विज्ञप्तिमा उल्लेख छ ।

## नेपाल कन्जुमरको लाभांश पारित

कास्की । पोखरामा मुख्य कार्यालय रहेको नेपाल कन्जुमर डेभलपमेन्ट बैंकको चौथो वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले आव ०६९ ।७० को नाफाबाट सेयरधनीलाई ६५.७९ प्रतिशत लाभांश वितरणको निर्णय पारित गरेको छ ।

साधारणसभाले सेयरधनीलाई १०.७९ प्रतिशत नगद तथा ५५ प्रतिशत बोनस सेयर दिने निर्णय गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत नीरज श्रेष्ठले जानकारी दिए । कार्यक्रममा सञ्चालक समिति अध्यक्ष श्यामसुन्दर खेतानले बैंकको वर्तमान आर्थिक अवस्थासहितको आयव्यय तथा प्रगति प्रतिवेदन पेस गरेका थिए । साधारणसभामा बैंक अन्य दुई वित्तीय संस्थासँग मर्जर प्रक्रियामा रहेको जानकारी दिइएको थियो । बैंकको अधिकृत पुंजी ४० करोड र जारी तथा चुक्ता पुंजी २० करोड छ ।

## जयश्री रिटेलको जोमा सोरूम

काठमाडौं । जयश्री ग्रुपअन्तर्गतको जयश्री रिटेलले दरबारमार्गमा अवस्थित क्यापिटोलमा स्पेनी खेलकुद ब्रान्ड सामग्री बिक्री सोरूम सञ्चालन गरेको छ । सोरूम उद्घाटन फुटबल खेलाडी विमल घर्तीमगरले गरेका थिए । जोमा स्पोर्ट सन् १९६५ मा स्थापित भएको पहिलो स्पेनी कम्पनी हो । जोमा कम्पनी विश्वका ७० मुलुकमा उच्च १० स्थानमा रहेको कम्पनीले जनाएको छ । भ्यालेन्सिया सिएफ फुटबल क्लबको आधिकारिक प्रायोजक कम्पनी अन्य ठूला स्पोर्ट क्लबको पनि प्रायोजक रहेको छ । सोरूममा फुटबल, फुट्सल, ट्रेकिङ र टेनिसमा प्रयोग हुने ६५ ब्रान्डका जुत्ता बिक्री गरिनेछ ।

## राप्रपाभित्र...

सारेपछि राप्रपाका लागि तन, मन र धनले काम गर्ने कार्यकर्ताहरूले पार्टी कार्यालय घेरेका छन् । कार्यकर्ताको प्रश्न छ- यही हो- नेतृत्व ? यही हो न्याय ? आफूखुसी गर्ने भए नेताको पछि किन लाग्ने ?

अध्यक्ष सूर्यबहादुर थापा, पशुपतिशमशेर जबरा, डा. लोहनी र लोकेन्द्रबहादुर चन्दले पाएका १० समानुपातिकमा भागशान्ति जय नेपाल गरेपछि र राप्रपा-राजपा एकीकरण गर्दा त्याग गरेको फलसमेत पशुपतिशमशेरले लुड्याएपछि राप्रपाभित्र कुस्ती सुरु भएको छ ।

राप्रपा नेपालभित्रको मनलागतीतन्त्र नसकिँदै राप्रपाभित्र पनि त्यही डडेलो सल्केपछि पूर्वपञ्चहरू प्रजातन्त्रको बन्न सक्दैनन्, कुकुरको पुच्छर १२ वर्ष ढुङ्ग्रामा हाले पनि बाङ्गो भन्ने चर्चा सुरु भएको छ ।

## सरकार र...

सरकार बनाउँछन् र संविधानसभा/संसद्को बैठक सुरु हुन्छ, अनि नाकमा नत्थी लगाएर प्रमुख प्रतिपक्षी आउन बाध्य हुनेछ । एमाओवादीले आफूलाई लोकतन्त्रवादी भनिसकेको छ, त्यही आधारमा एमाओवादी लोकतन्त्रअनुसारको प्रतिपक्षी बन्छ, बन्छ । त्यस कारण कांग्रेस र एमालेले तत्कालै संवैधानिक प्रक्रिया सुरु गरिहाल्नु पर्छ । यसरी एक व्यक्तिको पछि लागेर निर्वाचनको आदेशलाई बन्धक बनाउनु लाचारीपन र असक्षमता प्रदर्शन गर्नु मात्र हो ।

निर्वाचन सम्पन्न भयो । विश्वभरिका पर्यवेक्षकहरूले स्वतन्त्र, धाँधलीरहित निर्वाचन भनिसकेका छन् । निर्वाचनले पाएको यो राष्ट्रिय-अन्तर्राष्ट्रिय मान्यताको साख बचाउन पनि तत्काल संविधानसभा/संसद्-सरकार बन्नुपर्छ । अझै कतिदिन प्रचण्डको पछाडि कांग्रेस-एमाले दगुरिरहन्छ ?

कांग्रेस-एमालेले सहमति/निर्णयका नाममा प्रचण्डलाई दिएको अति महत्वले जनमतको मानमर्दन भइरहेको छ । यस्तो अधिकार कांग्रेस-एमालेलाई छैन । प्रचण्ड चर्चामा पुगे होलान्, संविधानसभा-सरकार गठनमा तगारो तेर्स्याएर उनले पनि अराजनीतिक चरित्र देखाएका छन् । यसरी संविधानसभा-सरकार अलपत्र नपार्ने कि ?

## प्रचण्डले...

थिए । पार्टीभित्र छलफल गर्ने र कांग्रेस-एमालेसँग पनि आफ्ना रणनीति अघि सार्दै जाने एमाओवादीले नीति लिएको देखिन्छ ।

एमाओवादीले संविधानसभा, सरकार गठन, संयन्त्र निर्माण, संविधान लेखन, राज्य संयन्त्रका नियुक्तिहरू सबैतिर सहमतिमा चल्नुपर्ने प्रस्ताव गरिरहेको छ । कांग्रेस-एमाले प्रचण्डलाई छोडेर अघि बढ्न सक्ने अवस्थामा छैन । प्रचण्डले भनेको भन्दा संविधानसभाको अपमान हुने, नमाने राजनीतिक सहमति नबन्ने धर्म संकटमा पुगेका छन् ।

यसैबीच एमाले आफैं सरकारको नेतृत्व गर्ने दाउँ पनि गर्दैछ । सकभर सुशील, देउवा र रामचन्द्रकाबीच झगडा गराउन सके सरकारको नेतृत्व आफूले पाउने एमालेको अनुमान छ ।

हेर्नुछ, प्रचण्डको इमर्जेन्सी बैठकले संविधानसभालाई कसरी असफल पार्छ, कांग्रेसलाई पंगु बनाउँछ ।

## मोर्चालाई...

बैठकले जनस्तरबाटै संघीय गणतन्त्रात्मक संविधान निर्माणका लागि ठूला दलहरू तयार नभएको खण्डमा मोर्चाले आन्दोलनमा जाने नीति लिएको बताइएको छ ।

एमाओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीलाई संविधानसभाको दोस्रो निर्वाचनमा सहभागी गराउन मुख्य रूपमा एमाओवादी नै बाधक रहेको थियो । नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चाले मन्त्रिपरिषद्का अध्यक्ष एवम् बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीले प्रधानन्यायधीशबाट राजीनामा दिएको खण्डमा मोर्चा चुनावमा सहभागी हुने उद्घोष गरे पनि मोर्चाको मागलाई तत्कालीन अवस्थामा स्वीकार गरिएन । तर एमाओवादी चुनावमा नराम्रोसँग पराजित भएपछि नेकपा-माओवादीलाई समेत संविधान निर्माणमा सहभागी गराउनुपर्ने पक्षमा पुगेको छ । एमाओवादीकै कारण नेकपा-माओवादीले चुनावमा भाग नलिएको र चुनावलाई सक्रिय रूपमा बहिष्कार गरेको हुनाले अहिलेकै अवस्थामा नेकपा-माओवादी सहितको ३३ दलीय मोर्चा संविधानसभामा गएर संविधान निर्माणमा सहभागी हुन्छन् भन्नु अन्य दलहरूको हेपाह प्रवृत्ति नै हो । आफैंले सक्रिय रूपमा बहिष्कार गरेको चुनावमा जनताबाट जनप्रतिनिधिहरू चुनिएर आएका हुनाले नैतिक रूपमा पनि नेकपा-माओवादीले संविधानसभामा जान उपयुक्त हुँदैन ।

पछिल्लो समयमा दक्षिणी छिमेकी मुलुक भारतले पनि संविधान निर्माणका लागि नेकपा-माओवादीलाई संविधान निर्माणको प्रक्रियामा सहभागी गराउन दलहरूलाई आग्रह गरिसकेको छ । तर त्यही भारतले झुक्याउनु पर्ने हो, संविधानसभाको चुनाव हुनुअघि कांग्रेस, एमाले र एमाओवादी नेकपा-माओवादीको गोलमेच सम्मेलनको मागलाई पूरा गर्न तयार भएका थिए तर ठीक त्यहीबेला भारतीय विदेश सचिव सुजाथा सिंह नेपाल आएर कांग्रेस, एमाले र एमाओवादीका नेताहरूलाई अलग-अलग रूपमा भेटघाट गरेर गोलमेच सम्मेलन गर्नबाट रोकेकी थिइन्, त्यसैको परिणामस्वरूप तीन दल गोलमेच सम्मेलनबाट पछि हटेका थिए, अब जनताले आफ्ना प्रतिनिधिहरू चुनिसकेको अवस्थामा मन्त्रिपरिषद्बाट मनोनित हुने २६ सिटबाहेक अन्य कुनै पद्धतिबाट नेकपा-माओवादीलाई वैधानिक रूपमा संविधानसभामा संलग्न गराउने बाटो छैन । मनोनित भएर संविधानसभामा नजाने उद्घोष नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले गरिसकेको अवस्थामा उसलाई सहभागी गराउने कसरी त ? के अब संविधान संशोधन गरेर सभासद्को संख्या बढाउने कि ?

## धाँधलीको...

तयार रहेको बताएको छ । एमाओवादीले कांग्रेस-एमालेसँग पटक-पटक वार्ता र छलफल गरिसकेको छ । तर उसका मागका बारेमा संसदीय समिति बनाउने सहमति भएको छ । एमाओवादीले राखेको प्रस्तावका बारेमा कांग्रेसले सहमति जनाउन सक्ने भएपछि नेकपा एमालेले सबै समस्याको समाधान संविधानसभाबाटै खोज्न सकिने भन्दै बदलिँदो परिस्थितिमा उच्चस्तरीय राजनीतिक संयन्त्रको आवश्यकता किन भन्ने प्रश्न उठाएको छ । एमाओवादीले पहिले गठन गरिएको उच्चस्तरीय राजनीतिक संयन्त्रको संयोजक पहिला पालो पालो हुने गरी बनाइएकोमा अहिले त्यस्तो नहुने र एमाओवादी अध्यक्ष पुष्पकमल दाहाललाई स्थायी रूपमै संयन्त्रको अध्यक्ष बनाइनुपर्ने सर्त अघि सारेको छ । यदि त्यसो भएमा सरकारमाथि एमाओवादीको पकड बलियो हुने र आफूलेसमेत समानान्तर शक्ति चलाउन सक्ने आंकलन एमाओवादीले गरेको छ । उच्चस्तरीय राजनीतिक संयन्त्र सिधै संविधानको बर्खिलाप हुने भएपनि दलहरू किन भूमिगत पारामा समानान्तर सरकार सञ्चालन गर्न उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउन चाहिरहेका छन्, त्यो रहस्यको विषय बनेको छ ।

एमाओवादीले चुनावी परिणाम आउने क्रम सुरु हुनासाथ चुनावमा धाँधली भएको भन्दै उच्चस्तरीय छानबिन आयोग गठन हुनुपर्ने माग गरेको भएपनि उसको भित्री इच्छा भनेको पार्टी अध्यक्ष पुष्पकमल दाहालको शक्ति केन्द्रमा रहिरहने खेल नै हो । चुनावमा धाँधली भएको आरोपमा कुनै सत्यता नपाएपछि एमाओवादी शक्ति हत्याउनेको लागि दाहाललाई उच्चस्तरीय राजनीतिक संयन्त्रको स्थायी अध्यक्ष बनाउनु पर्दछ भन्न थालेको हुनाले चुनावमा धाँधली भएको भन्ने आरोप शक्ति हत्याउनका लागि मात्र लगाएको रहेछ भन्ने प्रमाणित भएको छ । नेकपा एमालेले पहिला पनि उच्चस्तरीय राजनीतिक संयन्त्रको औचित्य नभएको भन्दै सबै समस्याको समाधान संविधानसभाबाटै खोज्नुपर्ने अडान राखेको थियो । तर नेपाली कांग्रेसले सबैभन्दा ठूलो पार्टी भएको नाताले सबै दल अर्थात् नेकपा एमाले र एमाओवादीलाई मिलाएर लैजाने नाममा भूमिगत गिरोह शैलीको उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउन खोज्नुले भोलि त्यसको भार नेपाली कांग्रेसमाथि नै थुप्रिने छ । सरकार चलाउने नाममा संविधानसभाबाहिर गएर कुनै पनि निर्णयहरू गरिनु लोकतान्त्रिक अभ्यास वा लोकतान्त्रिक पद्धतिभित्र पर्दैन भन्ने हेक्का कांग्रेस-एमालेलाई भएकै हुनु पर्दछ । सहमति नभएको खण्डमा पनि मुलुकलाई अनिर्णयको बन्दी बनाइराख्ने अधिकार दलहरूलाई छैन । भरिसक्ये सहमतिको प्रयास गर्ने यदि त्यसो नभएमा पनि बहुमतीय पद्धतिबाटै भएपनि एक वर्षभित्रमा आफैँले जनतासामु प्रतिबद्धता जनाएको संविधान जनतालाई दिनै पर्दछ । एकवर्षभित्रमा संविधान निर्माण गर्न दलहरू असक्षम र असफल भएमा जनताले बाध्य भएर अर्को विकल्प खोज्न सक्छ भन्ने हेक्का दलहरूमा होस्- एक राजनीतिक विश्लेषक भन्छन् ।

## गलत गर्ने...

संविधानसभाभित्र हुल्ने पर्दछ भनेर तिनै दलहरू कराउन थालेका छन् । नेकपा-माओवादी सहभागी नभइ संविधान निर्माण हुँदैन भन्दै विदेशी शक्तिहरू समेत कराउन थालेका छन् । गलत कार्य गर्नेलाई दण्डसजाय दिनुपर्ने बेलामा उनीहरूलाई पुरस्कृत गर्ने गलत परम्परा बसाल्न दलहरू उद्धत हुनु नेपालको अन्तरिम संविधान, ऐन कानुनको धज्जी उड्न थालेको छ । यदि दलहरूलाई नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चालाई बाहिर राखेर संविधान निर्माण हुँदैन भन्ने लागेको थियो भने किन संविधानसभाको चुनाव अगाडि नेकपा-माओवादी सहितका ३३ दलीय मोर्चाले राखेका मागहरू पूरा गरिएन ? नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चाले मन्त्रिपरिषद्का अध्यक्ष एवम् सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीले प्रधानन्यायाधीशबाट राजीनामा दिएको खण्डमा आफूहरूले चुनावमा भाग लिने उद्घोष गरिसकेको अवस्थामा किन रेग्मीलाई राजीनामा दिन लगाइएन ? संविधान अनुसार सहमति गर्नुपर्नेमा केही दलको सहमति अनुसार संविधान संचालन गर्ने प्रयास गरिएको हुनाले अहिले समस्या आएको हो ।

तत्कालीन अवस्थामा सबैभन्दा ठूलो दल भएको एमाओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीलाई एमाओवादीले पार्टी स्वीकार गर्न नै सकेन । राष्ट्रपतिले समेत नेकपा-माओवादीको दलको हैसियत दिन कन्जुस्याइँ गरे । अहिले आएर तिनै व्यक्ति र दलहरू नेकपा-माओवादीलाई संविधानसभामा लैजाने पर्ने उद्घोष गर्दै हिँडेका छन् । जनताले चुनावमार्फत आफ्ना प्रतिनिधिहरू चुनिसकेको अवस्थामा नेकपा-माओवादीलाई संविधानसभामा लैजाने सबै बाटाहरू बन्द भएका छन् । जनताले आफूमा निहित भएको सार्वभौमसत्ता प्रयोग गरेर पाँच वर्षका लागि आफ्ना प्रतिनिधिहरू चुनिसकेको अवस्थामा अब नेकपा-माओवादीलाई मनोनित गरेर वा अन्य कुनै विकल्प प्रयोग गरेर संविधानसभामा हुल्नु भनेको सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ठाडो अपमान हो । नेपाली जनताको अपमान गर्ने अधिकार दल र राष्ट्रपतिलाई छैन । सहमतिको नाममा जनतालाई पीडा दिने, जनतालाई बम प्रहार गर्ने अनि ज्यानसमेत मार्ने व्यक्तिहरूलाई उन्मुक्ति दिने हो भने अन्तरिम संविधान ऐन, कानुन सबै एकैपटक जलाइदिए हुन्छ । संविधानको औचित्य के रह्यो र ?

एमाओवादीले जसरी भए पनि आफूले चाहेजस्तो संविधान निर्माण गर्न खोजे पनि जनताले उसलाई तेस्रो पार्टीका रूपमा स्थापित गराइदिएपछि ऊ जनताको अनादर गर्न अग्रसर भएको छ । सर्वसाधारण जनतालाई आफूहरूलाई भोट नदिएको भन्दै गाउँका जनतामाथि धावा बोल्न थालेको छ । आफ्ना पार्टीका शीर्ष नेताहरू हारेको भन्दै पराजयलाई अस्वीकार गर्न अनेक प्रकारका बखेडाहरू निकाल्दै संविधानसभालाई नै बन्धक बनाउनतिर लागेको हुनाले अब जनता नै सजग हुनुपर्ने बेला आएको छ । जनतालाई आरोप लगाउने अधिकार दल र नेताहरूलाई छैन ।

## एमाओवादीको...

नेता तथा कार्यकर्ताहरूको दबाबमा ऊ संविधानसभामा जानुपर्ने दबाबलाई साम्य पार्नका लागि उसले अब सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भएमात्र संविधानसभामा जाने रणनीति लिएको छ । संविधानसभामा आफ्नो उपस्थिति कमजोर हुने प्रष्ट भएपछि एमाओवादीले आयोग बन्न जति ढिलाइ हुन्छ त्यति नै आफ्ना नेता तथा कार्यकर्ताहरू द्वन्द्वकालीन मुद्दामा प्रहरीद्वारा पक्राउ पर्ने सम्भावना देखेपछि आयोग बनाउनु पर्ने सर्त अघि सारेको छ । गोरखा फुजेलका कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न भएको आरोपमा आफ्ना कार्यकर्ता पक्राउ परेपछि उसले आयोग बनाउनु पर्ने माग गरेको हो ।

एमाओवादीले आयोग बनाउने विषयमा संविधानसभामा सबैभन्दा ठूलो दल भएको नेपाली कांग्रेससँग विशेष छलफलसमेत अघि बढाएको भए पनि नेकपा एमाले सहितका अन्य दलहरूसँग उसले छलफलै गरेको छैन । द्वन्द्वकालका भएका घटनामा मेलमिलाप गर्ने मुख्य उद्देश्यसहित आयोग बनाउन कांग्रेससँग उसले वार्ता गरेको छ । सशस्त्र द्वन्द्वका बेला भएका जघन्य अपराधका घटनामा संलग्न भएकाहरूलाई कस्तो कारबाही गर्ने भन्ने विषयमा दलहरूबीच एकमत हुन सकेको थिएन । नेकपा एमालेले जघन्य अपराधमा संलग्न भएकाहरूलाई आममाफी दिन नहुने अडान राख्दै आएको छ भने एमाओवादीले माफी दिनुपर्ने अडान राखेको छ ।

युद्धको बेला सरकारको नेतृत्व गरेको हैसियतले कांग्रेस र विद्रोहीको हैसियतले तत्कालीन माओवादी संलग्न भएकाले दुवैले आयोग मेलमिलापतर्फ उन्मुख हुने गरी आयोग गठन गर्न चाहेका छन् । तर त्यसको निर्णय भने भइसकेको छैन । ८ दलबीच पुस ९ गते भएको चार बुँदे सहमतिमा सत्य निरुपण तथा मेलमिलाप आयोग यथाशीघ्र गठन गर्ने सहमति भए पनि चुनावमा भएको धाँधलीका बारेमा भने आयोग गठन गर्नुपर्ने एमाओवादीको माग कांग्रेस-एमालेले अस्वीकार गरेपछि आयोगको माग तुहिएको छ ।

## सम्भव छ...

पार्टीको हैसियतमा कांग्रेस र एमालेलाई सम्पूर्ण दोष लगाएर एमाओवादी आफ्नो अघिल्लो 'असफलता' लाई छोप्न र नेपाली जनता, जसले कांग्रेसलाई पहिलो र एमालेलाई दोस्रो ठूलो पार्टी बनाए, तिनलाई 'खुचिङ' भन्न चाहन्छ भनेर भन्नेको जमात पनि दिनानुदिन बढ्दो छ । त, विश्वस्त होऔं, यो चार बुँदे सहमति झुठ, फरेब, र चर्को षड्यन्त्रको 'भण्डार' बाहेक केही होइन । विगतमा पनि भएका यस्ता सहमतिहरूलाई हेरेका, बुझेकाहरू अब यो चार बुँदेलाई हेरेर खुसी नहुन आग्रह गर्दछन् । धोखा, षड्यन्त्र, र खुट्टा तानातानलाई नै 'राजनीति' भनेर बुझेकाहरूले जान्ने र गर्ने यति नै हो । तसर्थ अब झन अन्यौलको घडी सुरु भएको छ ।

नेकपा-माओवादीले गठन नै नभइसकेको संविधानसभा-२ लाई भङ्ग गरेर सर्वपक्षीय सम्मेलन जसमा (पूर्व) राजालाई पनि समावेश गर्नुपर्छ भनेर माग राखिसकेको छ । त्यस्तै गरेर संविधानसभा(२) मा हैसियत बनाएर पसेका दलहरू (राप्रपा नेपाल)ले पहिलो संविधानसभाले गरेका 'कामहरू'लाई अगाडि नबढाउने भनेर हुँकार गरिसकेको अवस्थामा कसरी एक वर्षभित्रै नयाँ र सर्वमान्य संविधान सम्भव छ ? बरू भन्नै पर्ने हुन्छ कि, मुलुक नयाँ मुठभेडतिर अग्रसर भयो भनेर । अब नयाँ संविधान बन्ने त त्यस्तै हो- आश नगरे पनि हुन्छ ।

## गच्छदार र गुप्ताबीच वार

काठमाडौं । जनअधिकार फोरम लोकतान्त्रिक र मधेस अभियानबीच वार सुरु भएको छ । अभियानका नेतृत्वजकर्ता जयप्रकाश आनन्द गुप्ताले जनअधिकार फोरमका अध्यक्ष विजय गच्छदारलाई 'अमृत लिंगम' बनेको, उनको औचित्य सकिएको र ठूला दलको दलाल बनेको आरोप लगाउँदै मधेसीहरू अधिकार स्थापना गर्न मधेस आन्दोलनको विकल्प नभएको बताएका छन् । हालै जनकपुरमा भेला गरेर 'मधेसी चिन्तन' गरेका अभियानका आनन्दले असली मधेस आन्दोलनको नेतृत्व अब आफूले गर्ने घोषणा गरेका छन् । उनले इशारा र संकेत गर्दै राजेन्द्र महतो, उपेन्द्र यादवहरू असान्दर्भिक भइसकेको आरोप पनि लगाएका छन् । यो भेलाको खास उद्देश्य मधेसी समुदायमा चिनगारी छर्नु र मधेस आन्दोलनको आधार तयार गर्नु रहेको बुझिएको छ ।

यसैबीच जयप्रकाश गुप्ताले स्थापित मधेसी दलहरूलाई उछिनेर आफू अघि बढ्न तराईको १ सय ८ मध्येका शक्तिशाली सशस्त्र समूह र भारतको समर्थन पाइसकेको संकेतहरू देखिएका छन् । गुप्तावादीहरू हरिहरदेखि नवलपरासी हुँदै कृष्णनगर र बाँकेसम्म भन्दैछन्- अब मधेस आन्दोलन हुन्छ, मधेसले आफ्नो हक, अधिकार लिन्छ ।

## राम किन किर्ना बनेको ?

काठमाडौं । संविधानसभा/संसद/सरकार बस्ने, बन्ने सहज प्रक्रिया सुरु हुन नसकेपछि आम जनतामा प्रश्न उठेको छ- कतै समस्याको जड राष्ट्रपति डा. रामवरण यादव त बनेका छैनन् ? एमाले र एमाओवादीले ०६४ सालको जनमतले चिनेको राष्ट्रपतिलाई ०७० सालको चुनावले चिन्दैन भनिसकेपछि राष्ट्रपति डा. रामवरण यादवको नैतिक धरातल हल्लिएन र ? तै पनि उनी पशुमा किर्ना टाँसिएर रगत चुसे झैं राष्ट्रपति पदमा टाँसिएर राष्ट्र किन चुसिरहेका छन् ? सबै जनता, सबै पार्टी र संसारले सुन्ने गरी जननिर्वाचित संविधानसभाले जे भन्छ, म त्यही गर्न तयार छु भन्नुपर्ने होइन र ?

छोरा र छोरीलाई समान व्यवहार गरौं,
छोरीलाई पनि स्कूल पठाऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४४७०२९५ मो. : ९८४१२५४८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार